जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष-१३ , अंक- ३, २०७७ साल साउन २० गते मंगलबार (Aug 4, 2020) www.janaakash.com.np मुल्य रु १०।-



**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)

मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# अर्थतन्त्रमा पर्दै गएको असर निम्तन सक्ने खतरा रोक्न के गर्ने ?

- बिलासिताको सामानहरु प्रयोग नगर्ने ।
- अनावाश्यक खर्च कटौती गर्ने ।
- एकले अर्कोलाई सहयोग गर्ने,समुहगतमा मिलेर काम गर्ने ।

- मोहन कार्की

बिश्वमा फैलिएको कोरोना महामारीवाट नेपाल पनि अछुतो रहन सकेन । त्यो सँगसँगै नेपालमा मानिसहरुमा आर्थिक संकट हुन थालिसकेको छ । झण्डै चार महिनाको लामो लकडाउनमा जसो तसो भएका सामाल स्टक पैशा खर्च गरेर भएपनि मानिसहरु बाचेका थिए । भने स्टक पैशा, सामल तुमल नभएकाहरुले जसो तसो एक अर्कामा सरसापट गरेर हार गुहार गरेर बाचेका थिए । देशमा यतिवेला लकडाउन नै नभए पनि त्यसको असर अपनाउनु पर्ने सजकता र नेपालको आफ्नै उत्पादन खासै नभएको र अन्य देशवाट आयात गर्नुपर्ने सामानहरुमा भएको भाउ बृद्धि जस्ता समस्या नेपाली उपभोक्ताले भोग्दै आएका छन् ।

बातावरण सहज हुदा उधारो पनि चलाउने उपभोक्ताहरुले अहिले सामानहरु अभाव हुदा त्यो पनि सम्भव नभएको र दिनदिनै नेपाली निम्न वर्गीय परिवार र मध्यवर्गीय परिवारमा समेत आर्थिक अभावका कारण मानवीयता जोखिममा पर्दै गएको छ ।

यतिवेला बिदेशमा रहेका युवाहरु पनि स्वदेश फर्केका त छन् । तर आम्दानीको स्रोत खासै नभएको र नेपालको पुरानो परिपाटीवाट गरिने कृषिले जिवन यापन गर्न सकिने देखिदैन र नयाँ प्रविधिमा आधारित कृषिको शुरुवात हुन जरुरी छ । तर त्यस्तो महसुस हुने खालको कार्यक्रम कतै देखिदैन ।

दिनानुदिन मानिसहरुमा अभाव थपिदै गएको छ । आर्थिक अभाव चरम हुन थालेको छ । मजदुरहरुले काम गरिरहेका उधोगहरु बन्द अवस्थामा नै छन् । शुचारु भएपनि उधोगहरुले गएको ४ महिना बन्द अवस्थामा रहदा प्रप्त गर्नुपर्ने आम्दानी गुमाएको र मजदुरहरुलाई सहजै तलव भुक्तानी दिन सकिराखेका छैनन् । कतिपय भने आधा तलव दिएर भएपनि राहात हुने काम गरिरहेका छन् । काठमाडौ उपत्यका लगायत शहरहरुमा भाडामा बस्ने मानिसहरुलाई घरवेटीको दवाव तनावले आक्रान्त बनाएको पनि देखिन्छ । यस्ता खालका समस्याहरु दिनदिनै बढेर गएका छन् । अझै लकडाउन हुने होकी भनेर मानिसहरु उधोग, कालकारखाना, पसल, होटल, खोल्न डराईराखेका छन् । कोरोनाले कति मान्छे मर्लान त्यो भन्न सक्ने अवस्था त छैन । तर भोक र अभावले चै यस्तै अवस्था रहने हो भने थुप्रै मानिसहरु मर्ने आकलन गर्न सकिन्छ ।

नेपालीहरुको संस्कार एक आपसमा मिलीजुली बस्ने, भएको खानेकुरा बाडीचुडी खाने असल चलन रही आएको छ । तर कोरोना रोग एक ब्यक्तिवाट अर्को ब्यक्तिमा सजिलै सर्ने भएको हुदा कोरोना नलागेको ब्यक्ति भएपनि शंका उपशंका गर्नु पर्ने बाध्यताले पनि सामाल तुमल सकिदा एक ठाउँवाट अर्को ठाउँ पुग्न यातायातको साधन बाँकी ८ पृष्ठमा

# धादिङमा शुद्ध पानी खान पाउनुपर्छ भन्दा कुटपीट

धादिङ । धादिङको थाक्रे ७ मा खानेपानीको मुहान बिगारेको र उक्त मुहान बिगार्ने बज्रकाली ढुङगा रोडा उधोग बन्द गर्नुपर्छ भन्दा ढुङगा खानी सञ्चालन गर्ने कम्पनीले मान्छे लगाएर स्थानीय हरि बहादुर भुजेल, शिव बहादुर भुजेल, कर्ण बहादुर तामाङ, गोरे तामाङ, सुवाश भुजेल, अर्जुन तामाङलाई कुटपिट गरेका र उनिहरुले कानुनी उपचार समेत नपाएको र उनिहरुलाई कुटपिट गर्दा स्थानीय प्रशासनको प्रत्यक्ष उपस्थितिमा भएको भनि स्रोतले जानकारी दिएको छ ।

धादिङको थाक्रे गाउपालिका वडा. न. ७ स्थित रैराङ फोगटपुर जुगेखोला गाउका झण्डै २०० धुरी र रैराङ ढाक्रे गाउँका करिव ६० धुरी अर्थात लगभग १६ सय मानिसहरुले प्रयोग गर्दै आएको रैराङ जुगेखोला खानेपानी यतिवेला ढल हो वा बाढी नछुटिने गरी लेदो बनेर आउने गरेको स्थानीयले जानकारी दिएका छन् ।

त्यो अरु कुनै कारणले नभएर खानेपानीको मुहान भन्दा करिब २ सय मिटर माथि बज्रकाली ढुङगा रोडा उधोगले सञ्चालन गरेको ढुङगा खानीका कारण पानी पर्दा माथिवाट ढुङगा निकाल्न खनिएको माटो पानीको मुहानमा पस्दा यो बर्षभरी थाक्रे ७ का मानिसहरुले पानीको समस्या भोग्नु परेको र स्थानीय सरकारलाई गुहार्दा समेत कुनै सुनुवाई नभएको उल्टै ढुङगा खानी सञ्चालकहरुले सुद्ध खानेपानी खाना पाउने स्थानीयको मौलिक हक हो भनि आवाज उठाउदा कुटपिट गरेर त्यहाका स्थानीयहरुलाई त्रसित बनाईराखेको स्थानीय स्रोतले बताएको छ ।

धदिङमा रहेका संघ/संस्था र राजनीतिक पार्टीहरुले समेत बिरोध गरेको भएपनि स्थानीय सरकार र सम्बन्धित निकायहरुको मिलेमत्तोमा ढुङगाखानी सञ्चालन गरेर स्थानीयको बषौदेखि प्रयोग गर्दै आएको खानेपानी खान नदिएको स्थानीयले बताएका हुन् ।

# नेपाली कांग्रेसलाई महाधिवेशन चटारो

काठमाडौं । नेपाली कांग्रेस पार्टीको १४ औ महाधिवेशन नजिकिदै जादा नेपाली कांग्रेसभित्र आन्तारिक ब्यवस्थापन तयारीको चटारो बढेको छ । संस्थापन पक्षलाई पार्टीको ब्यवस्थापन गर्न भ्याई नभ्याई छ । त्यसको अलवा नेपाली कांग्रेसभित्र केही न केही बहानामा चर्चामा रहिरहने नेताहरुलाई भने नेता बन्ने हतारो भए जस्तो देखिन्छ ।

बिशेष गरेर चर्चामा आईरहने गगन थापा, कृष्ण सिटौला, रामचन्द्र पौडेल, शशंका कोईराला, डां सेखर कोईराला, प्रकाशमान सिंह नेताहरुले आफ्नो तयारी गर्न थालिसकेका छन् ।

जिल्ला जिल्लामा पार्टी सदस्य नविकरण नगरिएका सदस्यहरुलाई नविकरण गर्न र नयाँ कार्यसमिति निस्क्रिय भएका ठाउँमा आफु अनुकुलको कार्य समितिहरु धेरै जति ठाउँमा गठन भईसकेको र केही ठाउँहरुमा पनि सम्पन्न गर्न लागेको नेपाली कांग्रेस पार्टी कार्यलयले जानकारी दिएको छ ।

यतिवेला देशमा कोरोनाको त्रास, भारतले नेपालको भुमि अतिक्रमण गरेर दुई देशबीचको सम्बन्धमा आएको समस्या जस्ता बिषय उठिरहेको वेलामा नेपालमा सवै जसो पार्टीहरुमा अहिले



नेपाल सरकार ढाल्ने र देशलाई अस्थिरतामा धकेल्न थुप्रै खालका प्र्यत्न भएको वेला त्यस्तै खोजि नेपाली कांग्रेसमा पनि गर्न थालिएको छ ।

नेपाली कांग्रेस लोकतान्त्रिक पद्धतिमा चल्ने पार्टी भएपनि बेला बेला त्यहा भित्र भएका उतार चढाव र नेपाली जनताले आशा गरेका पद्धतिको परिपालना नभएको देख्दा नेपाली कांग्रेसको उदेश्यप्रति नै प्रश्न उठ्दै आएको छ ।

यस्ता प्रश्नहरुको सावधान नेपाली कांग्रेसले आउदै गरेको महाधिवेशनवाट ल्याउन सक्छकि सक्दैन त्यो त हेर्न बाकी नै छ ।

# काठमाडौं उपत्यकामा ५१ जनामा कोरोना संक्रमण

काठमाडौं । काठमाडौं उपत्यकामा ५१ जनामा कोरोना भाइरस (कोभिड(१९) को संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार काठमाडौं जिल्लामा मात्र ४३ जनामा संक्रमण पुष्टि भएको छ । यस्तै ललितपुरमा ३ र भक्तपुरमा ५ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

जनप्रतिनिधि र कर्मचारीमा कोरोना संक्रमण पुष्टि भएपछि नेपालगञ्ज उपमहानगरपालिका कार्यालय सिल गरिएको छ ।

सोमबार कर्मचारी र जनप्रतिनिधिमा कोरोना संक्रमण पुष्टि भएपछि अर्को सूचना जारी नहुँदासम्म कार्यालय पूर्ण रूपमा सिल गरिएको प्रशासकीय अधिकृत ओमबहादुर खड्काले जानकारी दिए ।

पछिल्लो २४ घण्टामा थप ४१८ जनामा कोरोना भाइरस (कोभिड(१९) को संक्रमण पुष्टि भएको छ । देशभरका प्रयोगशालामा ७ हजार ६३७ नमुना परीक्षण गर्दा उनीहरूमा संक्रमण पुष्टि भएको हो ।


यससँगै नेपालमा कुल संक्रमितको संख्या २० हजार ७५० पुगेको छ । उनीहरूमध्ये ५७ जनाको मृत्यु भएको छ भने १४ ९१६ जना निको भएका छन् ।

कहाँ कति थपिए संक्रमित ?

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार सबैभन्दा धेरै पर्सामा ७१ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । कैलालीका ६७ जना, सप्तरीका ५१, मोरङका ४६, काठमाडौंका ४३, महोत्तरीका ३१, धनुषाका ३०, कञ्चनपुरका १६ तथा बाँके र कास्कीका ८२८ जनामा संक्रमण पुष्टि भएको छ ।

भक्तपुर, झापा र सुनसरीमा ५२५ जना, बारा र अछाममा ४२४ जना, ललितपुरना ३, सर्लाही, रौतहट, सुर्खेत, दैलेख र रूकुम पश्चिममा २२२ जना तथा रसुवा, चितवन, गुल्मी, दोलखा, स्याङ्जा, रूपन्देही, बर्दिया र दाङमा १२१ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ

सोमबार भेरी अस्पताल प्रयोगशालामा परीक्षण गर्दा केही कर्मचारी र वडाध्यक्ष गरी ९ जनामा कोरोना संक्रमण भएको उपमहानगरपालिका स्रोतले जानकारी दिएको छ । बाँकी ८ पृष्ठमा

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

### माफिया सलबलाउने वातावरण दिनु हुदैन

जाहा अभाव त्यहा तनाव भने जस्तै नेपाल यतिवेला कोरोनाको संक्रमणको त्रासले ग्रस्त छ । मानिसहरुले सहजै काम गर्न पाईराखेका छैनन् । काम गर्न नपाएपछि आम्दानीको स्रोत स्वभाविक रुपमा गुम्छ । आम्दानी गुमेपछि मानिसहरुमा अन्यौलता हुन्छ । यस्तो वेलामा अभावमा बाचिरहेका मानिसहरुलाई बिभिन्न प्रलोभनमा अपराधिक मनोबृति भएका मानव तस्कर देखि लिएर सेन्डिकेटधारी माफियाहरुले नजायज फाईदा उठाउन खोज्छन् । त्यस्ता तस्करहरुले सरकारी निकायको मातहतका क्षेत्रलाई समेत प्रभावित पार्न सक्छ । त्यसको अलवा सामान्य नगरिकलाई प्रभावित नपार्ने त कुरै भएन । यस्तो वेलामा जिम्मेवार निकाय र आम नागरिक पनि उत्तिकै सचेत हुन जरुरी छ ।

यो चार महिनाको लकडाउनको वेला म्याद गुज्रीसकेका खद्य बस्तुहरु, पिए पदार्थहरु, भारतवाट नेपालमा ल्याई बिक्री गरेको भेटिएको र त्यतिवेला सामान्य अवस्थामा भन्दा सवै सुचनाको पहुच नहुदा र जिम्मेवार निकायमा कार्यरतहरु ब्यक्तिहरु आर्थिक प्रलोभनमा प्रभावित हुदा म्याद गुज्रीएका खाद्य बस्तुहरु शहर देखि गाउँ गाउँसम्म पुगेको थियो । कतिपयलाई म्याद गुज्रीएको नगुज्रीएको हेर्नुपर्छ भन्ने ज्ञान थिएन भने कतिपय मानिसहरुले अभावको वेला त्यही म्याद गुज्रीएको सामान पनि नपाईएला भन्ने डरले प्रयोग गरेका थिए । जुन म्याद गुज्रीएका खाद्य बस्तु प्रयोग गर्दा स्वास्थ्य समस्या निम्तने पर्वल सम्भावना छ ।

त्यसैगरी लकडाउन संक्रमण फैलन नदिनको लागि बन्द गरिएको एउटा सावधानी अपनाउने तरिका थियो । जसमा बिरामी र अत्ति आवाश्यक काम बाहेक कोही पनि हिडडुल गर्न नपाउने नियम भएपनि अत्तिआवाश्यक कामले हिड्नुपर्ने मानिसले काहावाट कसरी सुविधा लिने भन्ने कुनै बिकल्प दिएको थिएन । त्यसकारण एक खालका पहुचवाला माफियाहरुले देशभरी उनिहरुले यातायात चलाएर १०० रुपैया भाडा लाग्ने ठाउँमा १०००० सम्म भाडा असुले ति बास्ताविक यातायात ब्यवसायीहरु थिएनन् । जो मजदुर, सामान्य नागरिक काठमाडौमा अलपत्र अवस्थामा परेकाले समेत त्यसको मार खेप्नुपरेको थियो ।त्यस्ता माफियालाई कारवाही गर्ने निकाय नै त्यस्ता कामको मिलेमतोमा थिए ।

अर्कोतर्फ त्यहि समयमा एकिन तथ्याङ्क नभएपनि थुपै बालवालिका र महिलाहरु हराएका छन् । सुचनाको पहुच नहुदा र ति हराएकाको आफन्तलाई सम्वन्धित निकायमा खवर गर्नुपर्छ भन्ने ज्ञान समेत नभएको हुदा मानव तस्करहरुले सजिलै आफ्नो धन्दा यो संक्रमणकालीन अवस्थामा शुचारु गरेको हुन सक्ने अनुमान छ ।

यो महामारी संक्रमण वेला मानव तस्करहरु पनि सलवलाका छन् । यस्तो वेलामा जिम्मेवार निकाय निक्कै चनाखो हुनुपर्छ र आम नागरिकलाई सचेतना दिएर हुनसक्ने सम्भावित अपराध रोक्न सवै नागरिकलाई उत्तिकै जागरुक बनाउन ढिलो गर्नु हुदैन । सवैको हातमा मोवाईल हुन्छ त्यो मोवाईलवाट सामाजिक सञ्जालको प्रयोगद्धारा नचाहिदा कुरा हेर्न सक्ने मानिसहरुलाई सामाजिक उत्तरदाईत्व हुने चेतना दिने खालका सुचनाहरु जिम्मेवार निकायले सामाजिक सञ्जाल मार्फत नै प्रवाह गर्न किन ढिलो गर्ने । यस्ता उपायहरु अपनाएर सामाजिक अपराध तथा मानव तस्कर माफियाहरुलाई सलवलाउन नदिउ र महामारीको संक्रमण अवस्थामा पनि नागरिकले स्वतन्त्र नेपालको नेपाली नागरिक हुनमा गौरव गर्ने वातावरण बनाऔं ।

# कोरोना संक्रमण नियन्त्रण गर्न सरकारले गर्नुपर्ने ११ तयारी

**डा. रवीन्द्र पाण्डे**

कोरोना संक्रमणको विश्वव्यापी महामारीसँगै नेपालमा पनि यसको थप जोखिम बढेको छ ।

२ हप्ता पहिलेसम्म लक्षणविहीन संक्रमण हुँदा संक्रमितको संख्या तथा मृतकको संख्या कम थियो । लक्षणविहीन संक्रमितले कोरोना संक्रमण सार्ने तथा गम्भीर बनाउने संख्या न्यून थियो ।

त्यो बेला न्यूनतम रुपमा आईसीयु तथा भेन्टिलेटरको प्रयोग गर्नुपरेको थियो तर अहिले धेरै संक्रमितमा गम्भीर लक्षण देखिएको तथा सघन उपचार कक्षमा उपचार गर्नुपरेको छ । यसबाट के आकलन गर्न सकिन्छ भने कोरोना भाइरसको म्युटेसन हुँदै गर्दा यो प्रजाति पहिलेको भन्दा शक्तिशाली छ ।

कोरोना संक्रमण नियन्त्रण गर्नको लागि सरकारले अल्पकालीन तथा दीर्घकालीन रणनीति बनाउनु जरूरी छ ।

सरकारले गर्नुपर्ने तयारी

१.काठमाडौं उपत्यका लगायत जनघनत्व भएका सम्पूर्ण शहरमा घटीमा जनसंख्याको २-३ प्रतिशत व्यक्तिको पीसीआर परीक्षण गर्ने । भारतसँग सीमा जोडिएका जिल्ला र पहिले संक्रमण देखिएका पहाडी गाउँमा पनि जनसंख्याको २-३ प्रतिशत परीक्षण गर्ने । यो परीक्षणलाई आवश्यकता अनुसार आरटी-पीसीआर टेस्टको पुलिङ विधि, डाइरेक्ट पीसीआर टेस्ट, गुणस्तरीय एन्टीबोडी टेस्ट, सीटी स्क्यान, चेस्ट एक्सरे आदि पनि गर्ने ।

२. यो परीक्षण र सम्भावित जोखिमको आधारमा व्यापक संक्रमण देखिएका, सिमावर्ती तथा जनघनत्व धेरै भएका स्थानलाई रेड जोन, फाट्टफुट्ट संक्रमण देखिएका ठाउँलाई एल्लो जोन र संक्रमण नदेखिएका ठाउँलाई ग्रीन जोनमा विभाजन गर्ने ।

३. ग्रीन जोनमा जनस्वास्थ्यका मापदण्ड अपनाएर लामो दूरीका यातायात, आन्तरिक उडान, व्यवसाय तथा शैक्षिक संस्था सञ्चालन गर्न सकिन्छ । यातायात तथा उडान ग्रीन जोनबाट ग्रीन जोनमा मात्र सञ्चालन गर्ने । एल्लो जोनमा संक्रमण भेटिएको स्थानलाई सील गर्ने । व्यापक परीक्षण, जनचेतना विस्तार तथा उपचारबाट एल्लो जोनलाई ग्रीन जोन बनाउने लक्ष्यसहित काम गर्ने । रेड जोनमा सरकारी, सामुदायिक तथा निजी ल्याबलाई परीक्षण गर्ने अनुमति दिएर व्यापक परीक्षण गर्ने । आवश्यक ठाउँमा लकडाउन, कर्फ्यू, सील आदि लागू गर्ने । ग्रीन तथा एल्लो जोनका स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीलाई रेड जोनमा खटाएर संक्रमण नियन्त्रणमा ल्याउन अहोरात्र काम गर्ने । रेड जोनलाई एल्लो जोनमा ल्याउने लक्ष्य राख्ने । ती स्थानमा आम जनतालाई राहत तथा सहुलियत दिएर जहाँको त्यहीँ राख्ने ।

४. बिहार, यूपी तथा पश्चिम बंगालमा कोरोना संक्रमण तीब्र गतिमा बढिरहेको छ । त्यहाँका निजी तथा सरकारी अस्पतालमा खुट्टा राख्ने ठाउँ छैन । उपचार गर्नको लागि, कोरोना संक्रमणबाट बच्नको लागि तथा अन्य उद्देश्यले धेरै भारतीय नागरिक अवैध ढंगबाट नेपाल पस्ने भइरहेको छ, अझै हुनेछ । तसर्थ सीमामा ५० औं हजार सुरक्षाकर्मी र स्थानीयको २४ घण्टै संयुक्त गस्ती गर्ने । नाकामा सीसीटीभी क्यामेरा राख्ने । यसरी अवैध रूपमा १ जना व्यक्ति पनि छिर्न नदिने । यताका नेपालीलाई काम गर्न वा अन्य उद्देश्यले उता जान बन्देज लगाउने । यताउता गर्ने व्यक्तिले नै कोरोना संक्रमण फैलाएको वास्तविकता बुझेर तदनुसार रणनीति बनाउने ।

५. अन्तर्राष्ट्रिय उडान केवल २ उद्देश्यले मात्र सञ्चालन गर्ने ।

- विदेशमा रोकिएका नेपालीलाई स्वदेश ल्याउन

- नेपालमा फसेका विदेशी तथा नेपालीलाई अर्को ट्रान्जिटसम्म पुर्‍याउन ।

हामीले के बुझ्नुपर्छ भने विश्वव्यापी महामारीको समयमा नेपाल भ्रमण गर्न कुनै पनि पर्यटक नेपाल आउने छैन । त्यस्तै हामी नेपाली विदेश भ्रमण गर्न



जाने छैनौं ।

यो तथ्य नबुझिकन अन्तर्राष्ट्रिय उडान गर्दा भारत तथा बंगलादेशका हजारौं संक्रमित उपचारको लागि, कोरोनाबाट बच्नको लागि तथा अन्य उद्देश्यले नेपाल आउनेछन् । उनीहरूको कारण हाम्रा अस्पताल, होटेल, रेस्टुरेन्ट, शपिङ मल, बजार आदि संक्रमित हुनेछन् ।

६. ठूला चाडपर्व संघारमै आएका छन् । दशैँअघि भारतबाट करीब २ लाख नेपाली स्वदेश आउने अनुमान छ । उनीहरूलाई सुरक्षित होल्डिङ सेन्टरमा राखेर तथा पीसीआर टेस्ट गरेर पठाउने व्यवस्थाको लागि सरकारले अहिलेदेखि तयारी गर्नु जरूरी छ । हवाइजहाजबाट नेपाल आउने हरेक व्यक्तिलाई होल्डिङ सेन्टरमा राखेर तथा पीसीआर परीक्षण गर्ने तयारी पनि गर्नुपर्ने छ ।

७.नेपालको स्वास्थ्य प्रणाली निकै कमजोर छ । हामीसँग आईसीयू, भेन्टिलेटर, अक्सिजन, रगत आदि एकदम थोरै छ । देशभरका ५ हजार संक्रमितलाई आईसीयूमा राख्नुपर्‍यो भने हामीसँग त्यो क्षमता छैन । यस्तो अवस्थामा लाखौं व्यक्तिमा संक्रमण फैलियो भने हाम्रो हालत इटलीको भन्दा नाजुक हुनेछ । हामीले यो खराब अवस्थालाई मध्यनजर गरेर तयारी गर्नुपर्छ । कोरोना संक्रमण फैलिएको ६ महिनामा पनि हामीले ठोस रणनीतिको अभावमा जहाँको त्यहीँ हुनु अत्यन्तै दुःखद पक्ष हो ।

आईसीयू बेडको संख्या बढाउने, ठूला निजी अस्पताल तथा मेडिकल कलेजलाई कोरोना उपचार केन्द्रको रूपमा विकास गर्ने, भेन्टिलेटर थप्ने, अक्सिजन र ब्लड पर्याप्त मात्रामा राख्ने, स्वास्थ्यकर्मीलाई प्लाज्मा थेरापी तथा आईसीयू र भेन्टिलेटर अपरेट गर्ने तालिम दिने लगायतका तयारी तुरून्तै गर्नु जरूरी छ ।

८.कोरोना संक्रमणको उपचारमा हाम्रो तयारी एकदम न्यून छ । विश्वले कोरोना उपचारमा प्रयोग गरेका औषधि (इबोला, जापानिज इन्द्रलुएन्जा, सार्स, मलेरिया, इन्टरफेरोन बेटा, लाइफ सेभिङ मेडिसिन, प्लाज्मा थेरापी, हर्बल मेडिसिन आदि) लाई पर्याप्त मात्रामा उत्पादन गरेर वा यहाँ उत्पादन नहुने औषधि खरिद गरेर स्टकमा राख्नु जरूरी छ ।

९.आईसीयू बेडको संख्या बढाउने, ठूला निजी अस्पताल तथा मेडिकल कलेजलाई कोरोना उपचार केन्द्रको रूपमा विकास गर्ने, भेन्टिलेटर थप्ने, अक्सिजन र ब्लड पर्याप्त मात्रामा राख्ने, स्वास्थ्यकर्मीलाई प्लाज्मा थेरापी तथा आईसीयू र भेन्टिलेटर अपरेट गर्ने तालिम दिने लगायतका तयारी तुरून्तै गर्नु जरूरी छ ।

१०. विश्वका विभिन्न देशमा कोरोना भाइरसविरूद्धको खोप निर्माणमा ठूलो सफलता मिलिरहेको छ । हामीले पनि खोप निर्माता तथा वितरक कम्पनी वा देशसँग समन्वय गर्नेतर्फ कूटनैतिक पहल गर्नु जरूरी छ ।

११. महामारी नियन्त्रण स्वास्थ्य मन्त्रालयको मात्र काम होइन, गृह, अर्थ, रक्षा, परराष्ट्र, सञ्चार, शिक्षा लगायत सबै मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तहबीच प्रगाढ समन्वय गरेर संयुक्त रूपमा प्रभावकारी काम गर्नु आवश्यक छ । सम्पूर्ण राजनैतिक दल, सामाजिक संस्था, मिडिया तथा नागरिक एकजुट भएर तथा जिम्मेवारीबोध गरेर अभियान सञ्चालन गर्नु आजको आवश्यकता हो ।

नागरिकले गर्नुपर्ने व्यक्तिगत तयारी

कोरोना संक्रमणको महामारीबाट बच्नको लागि व्यक्तिगत तयारीको ठूलो महत्व छ ।

१. जनस्वास्थ्यका मापदण्ड अपनाउने - महामारीको समयमा सकभर घरमै बस्ने, घरबाट काम गर्ने, घर बाहिर जाँदा अनिवार्य रुपमा सही तरिकाले मास्क लगाउने, बाटोमा, चोकमा र कार्यस्थलमा न्यूनतम ६ फीटको व्यक्तिगत दूरी कायम गर्ने, साबुनपानीले हात धोइरहने र ह्याण्ड स्यानिटाइजरको प्रयोग गर्ने, नाकमुख तथा आँखा छुने बानी त्याग्ने, भीडभाडमा नजाने, झ्यालढोका खुला भएको ठाउँमा बस्ने लगायतका सुरक्षित व्यवहारलाई जीवनशैलीको रूपमा अवलम्बन गर्नु जरूरी छ ।

२. तन्दुरूस्त रहने - शारीरिक व्यायाम, पोषिलो खाना, पर्याप्त निद्रा, घामताप्ने बानी, योग, ध्यान तथा तनावलाई व्यवस्थापन गर्ने अन्य कौशलताले हामीलाई तन्दुरूस्त बनाउँछ । रोगसँग लड्ने क्षमता अभिवृद्धि गर्दछ । गुर्जो, अश्वगन्धा, अदुवा, बेसार, कागती, मह, मरिच, लसुन, प्याज, दालचिनी, तुलसी, भिटामिन सी, जिंक, भिटामिन डी आदिको सेवनले रोगप्रतिरोधात्मक क्षमता बढाउन सकिन्छ ।

३. जोखिमबाट टाढा रहने - अस्पताल, बजारमा हुने भीडभाड, सार्वजनिक यातायात, शपिङ मल, डिपार्टमेन्टल स्टोर, कर तिर्ने ठाउँ, विभिन्न महशुल बुझाउने ठाउँ, बैंक, गल्ली आदि ठाउँमा नजाने । जानुपर्‍यो भने छोटो समयको लागि सुरक्षा सतर्कता अपनाएर जाने ।

४.स्वास्थ्य अवस्था थाहा पाउने - ब्लडप्रेसर, रगतमा चिनीको मात्रा, युरिक एसिड, कोलेस्टेरोल (लिपिड प्रोफाइल), थाइराइडको अवस्था ( टीएफटी), मिर्गौलाको अवस्था ( आरएफटी), कलेजोको अवस्था ( एलएफटी), पेटको भिडियो एक्सरे, छातीको एक्स रे, ईसीजी, पिसाबको जाँच, पुरूषले प्रोस्टेट ग्ल्यांड तथा महिलाले पाठेघरको अवस्था, भिटामिन डी, क्याल्सियम, भिटामिन बी १२, हेमोग्लोबिन आदिको अवस्था तथा समस्या देखिएमा अन्य आवश्यक परीक्षण गर्ने । रिपोर्ट अनुसार चिकित्सकको सल्लाहमा समस्याको उपचार गर्ने । महामारीसँग लड्नको लागि स्वास्थ्य अवस्था राम्रो बनाउनु जरूरी हुन्छ ।

५. कुलतको त्याग - रक्सी, चुरोट, सुर्ती, गुट्खा, लागूपदार्थ, इन्टरनेट एडिक्सन आदि भएमा हाम्रो इम्युनिटी पावर कम हुन्छ । शरीरलाई ध्वस्त बनाउने यी अम्मल तत्काल छोड्नु जरूरी छ ।

खोप लागेपछि वा भाइरस कमजोर भएपछि यो महामारीको अन्त्य हुनेछ । त्यो लक्ष्यमा पुग्ने पुल भनेको धैर्यता, सुरक्षा सतर्कता र स्वस्थ जीवनशैली हो ।

६. मृत्यु भएका, शव गाडेका लगायत कोरोनाबारे सनसनीपूर्ण समाचार हेर्नु हुँदैन । नेपाल सरकार, डब्ल्यूएचओ, सीडीसी, एफडीए, युनिसेफ लगायतका आधिकारिक सूचना तथा स्वास्थ्यकर्मीको सल्लाह मात्र विश्वास गर्ने, प्रतिष्ठित तथा विश्वासिला रेडियो, टेलिभिजन, पत्रिका र १-२ अनलाइन पोर्टल दिनको बढीमा २ पटक मात्र हेर्ने बानीको विकास गर्‍यौं भने तनाब घट्दछ । भ्रम र हल्लाको पछि लागेर आफूलाई यातना दिने काम गर्नु हुँदैन ।

७.मानसिक स्वास्थ्य बलियो बनाउनको लागि योग तथा ध्यान गर्ने, मोटिभेसनल स्पीच सुन्ने, कमेडी ड्रिलम हेर्ने, घर तथा करेसाबारीमा काम गर्ने, पढ्ने, लेख्ने, आर्ट गर्ने, सकारात्मक सोंच भएका साथीसँग फोनमा कुरा गर्ने, कुनै व्यवसायले तनाव दिएको भए त्यो व्यवसाय सल्टाएर अर्को व्यवसाय शुरु गर्ने, आर्थिक जोखिमका काम तथा लगानी नगर्ने, आत्मबल र आत्मविश्वास बढाउने तथा यो समस्या संसारकै समस्या हो भनेर आत्मसात गर्ने एवं हरेक रातपछि सुनौलो बिहानी आउने तथ्य बुझ्नु जरूरी छ ।

८.दीर्घ बिरामीले जोखिमबाट बच्नको लागि नियमित औषधि सेवन गरेर आफना रिपोर्ट नर्मलमा राख्यौं भने अन्य व्यक्तिसरह संक्रमणसँग लड्न सकिन्छ । त्यस्तै ज्येष्ठ नागरिकले आफूलाई युवा ठानेर सक्रिय जीवन बिताएमा रोगसँग जित्ने स्टामिना प्राप्त हुन्छ ।

९.खोप लागेपछि वा भाइरस कमजोर भएपछि यो महामारीको अन्त्य हुनेछ । त्यो लक्ष्यमा पुग्ने पुल भनेको धैर्यता, सुरक्षा सतर्कता र स्वस्थ जीवनशैली हो । युवा तथा निरोगीले काम गर्ने, जोखिम वर्ग घरमै बस्ने अनि जोखिम वर्गलाई घरभित्र पनि आइसोलेसनको वातावरण प्रबन्ध गर्ने हो भने संक्रमणबाट हुने जोखिमलाई न्यून गर्न सकिन्छ । ज्येष्ठ नागरिक तथा दीर्घ बिरामीलाई बचाउनु हामी सबैको पहिलो कर्तव्य हो ।

१०. कोभिड १९ को कारणभन्दा अन्य रोगले मृत्युको संख्या बढिरहेको छ । तसर्थ आफना बालबालिकालाई खोप लगाउने, पोषणमा ध्यान दिने, मानसिक रूपमा सपोर्ट गर्ने, औषधिसेवीलाई नियमित औषधि उपलब्ध गराउने, गर्भवती तथा सुत्केरीलाई नियमित परीक्षण, पोषण, आराम र सुरक्षाको प्रत्याभूति गर्ने एवं समाजमा सहयोगी तथा सकारात्मक वातावरण निर्माण गर्न हामी सबैको दायित्व हो ।

# आम नागरिकले सावधानी नअपनाउँदा पर्सामा यो अवस्था आएको हो

पर्सा प्रहरी प्रमुख एसपी गंगा पन्तले पछिल्लो समय कोरोना परीक्षणको दायरा बढेसँगै पोजेटिभ केशहरूपनि देखिन थालेको बताएकी छिन् । शनिबार विहान नेपाली रेडियो नेटवर्कबाट प्रसारण भएको नेपाली बहस कार्यक्रममा पत्रकार ऋषि धमलासँग कुराकानी गर्दै एसपी पन्तले भनिन्,'विरामीको व्यवस्थापनको लागि अहिले एउटा भेन्टिलेरको व्यवस्था गरिएको छ । त्यसमा नभएकाहरूलाई सेमी आइसोलेसन छ । अहिले संख्या बढिराख्दाखेरि जसको घरमा हुन्छ, त्यहाँ होम आइसोलेसन गराएका छौं ।' प्रस्तुत छ पत्रकार धमलाले एसपी पन्तसँग गरेको कुराकानीको सम्पादित अंश :

**के छ हालखबर वीरगञ्जको ? कोरोना संक्रमणको संख्या ह्वात्तै बढ्यो नि, वास्तविकता के हो ?**

परीक्षणको दायरा पनि बढेको छ । त्यही अनुसार पोजिटिभ केशहरु पनि बढेको छ ।

**परीक्षण पनि तीव्र गतिमा भईरहेको छ ? समस्या छ कि छैन ? विरामीहरूको व्यवस्थापन कहाँ गरिरहनु भएको छ ?**

विरामी व्यवस्थापन गर्ने हाम्रो काम त होइन ।

**होइन तपाईहरु त शान्ति सुरक्षा पनि दिईरहनु भएको छ । तपाईहरु समन्वय गर्नुहुन्छ नि त ? सँगै बस्नुहुन्छ, कुराकानी गर्नुहुन्छ ? कोरोनाको संक्रमणबाट बचाउनुछ मुलुकलाई ? पर्सा भयावह स्थितिमा जाँदैछ भनेर धेरैले भनेका छन् । वास्तविकता के छ ?**

विरामीको व्यवस्थापनको लागि अहिले एउटा भेन्टिलेरको व्यवस्था गरिएको छ । त्यसमा नभएकाहरूलाई सेमी आइसोलेसन छ । अहिले संख्या बढिराख्दाखेरि जसको घरमा हुन्छ, त्यहाँ होम आइसोलेसन गराएका छौं ।

**त्यसो भए अहिले विरामीहरु राख्नको लागि सबै भेन्टिलेटरहरु छन् ?**

पर्याप्त मात्रामा त छैन । तैपनि म्यानेजिएबल नै छ अहिलेको अवस्था ।

**डाक्टरहरूले काम गर्नुभएको छ ? समस्या छ कि छैन ?**

हाम्रो विशेषगरी कोरोना व्यवस्थापनको लागि सरकारी हस्पिटल छ, नारायणी हस्पिटल, त्यहाँ सम्पूर्ण टिमले राम्रो काम गरिरहेका छन् । तर अहिले संक्रमण फैलिरहेको अवस्थामा व्यक्तिहरूलाई कोरोना पोजिटिभ हुनसक्छ भनेर हेर्नुपर्ने अवस्था हो । केही प्राइभेट हस्पिटलहरूमा विरामीलाई लग्न सहज छैन किनकि उक्त हस्पिटलहरूमा पि.सि.आर टेस्ट भइसकेको व्यक्तिहरूको रिपोर्ट आउन ढिला हुने, पि.सि.आर गरेको ७/८ घण्टापछि मात्र रिपोर्ट आउने हुन्छ । त्यसैले प्राइभेट हस्पिटलहरूमा पि.सि.आर रिपोर्ट आइसकेपछि मात्र उपचार गर्छौं भन्ने भएकोले असजिलो छ । त्यो बाहेक डाक्टरले काम नै नगरेको भन्ने अवस्था होइन ।

**काठमाडौंबाट पनि डाक्टरहरु वीरगञ्ज जान तयार छैनन् ?**

त्यो त मलाई थाहा भएन । अहिले यहाँ जति डाक्टरहरु हुनुहुन्छ, उहाँले काम गरिरहनुभएको छ । अहिलेसम्म सरकारी हस्पिटलबाहेक अरूबाट काम भएको मैले अलि कम नै देखेको छु ।

**त्यसो भए उपचार नपाएर विरामीहरु छटपटाएका छैनन् त्यहाँ ? समस्यामा छैनन् ?**

कहिलेकाँही पि.सि.आर. रिपोर्टलाई कुर्दाखेरि त्यति धेरै समस्या छैनजस्तो लाग्छ मलाई । यस विषयमा तपाईले हाम्रो आधिकारीक व्यक्ति नारायणी हस्पिटलको निर्देशन लिनुभयो भने बढी जानकारी पाउनुहोला । मैले बुझेको जे छ मैले भनिदिईसकेको छु ।

**लापरबाहीको कारणले गर्दाखेरि पर्सामा कोरोना संक्रमण भयावह बन्दैछ भनेर धेरैले भनेका छन् । सीमाक्षेत्र रक्सौलबाट आवतजावत भईरहेको छ ?**

रक्सौल नाका पूर्ण रूपमा बन्द छ । जहाँ खुल्ला बोर्डर छ, त्यो ठाउँमा कतिपय बेलामा यो इन्डियामा टेकिएका छ कि नेपालमा टेकिएको छ भनेर थाहा हुँदैन । इन्डियाको क्षेत्रमा मानिसको दैनिकीसँग जोडिएका सरसामानहरु सस्तो पाइने भएको हुँदा वारीको मान्छे पारी जाने प्रचलन छ, नभएको होइन । कतिको जिविकोपार्जन पनि लामो समयदेखि पारीको सामान लिएर आएर भएको पनि देखिन्छ । त्यसकारणले मान्छे जानेरआउने नै छैन भन्नसक्ने अवस्था छैन । तैपनि हामीले सक्दो प्रयास गरेको अवस्था हो ।

**लकडाउन खुकुलो भएपछि पारीबाट लुकिछिपी भित्रिएका कामदारबाट कोरोना संक्रमण फैलिएको छ भन्ने कुरा आएको छ । वास्तविकता के हो ?**

पछिल्लो समयमा हेर्दाखेरि पक्कैपनि संक्रमणको अवस्था छ । विशेषगरी त्यसमा आउजाउ गर्ने व्यक्तिबाट नै भएको हो । त्यसमा कुनै शंका छैन । अर्को कुरा हामीले एकदम कडा गर्न नसक्ने क्षेत्र के हो भने अत्यावश्यक खाद्यान्न पदार्थहरूको दैनिक आपूर्ति हुन्छ, कम्तिमा गाडी नै नचलेको अवस्थामा पनि ४००-५०० को संख्यामा बोर्डरबाट आवतजावत गरेका छन् । यसको मतलब कम्तिमा पनि १००० भन्दा ठुलो संख्यामा व्यक्तिहरु आवतजावत गर्ने, विशेषगरी सवारीसाधनको कुरा गरेको मैले, त्यो संख्या आफैमा पनि निकै धेरै छ । जिल्ला नाका जोडिएको विहारमा संक्रमणको संख्या असाध्यै बढी छ । त्यसको प्रभाव त स्वतः पर्ने नै भयो । लकडाउन कडा भएका दिनहरूमा सीमाक्षेत्र पूर्ण रूपले बन्द थियो । त्यस समयमा पनि सप्लाई चेन मार्फत मैले दिएको संख्या आवतजावत गर्ने संख्या हो । कोरोना महामारीको हिसाबमा यो नेपालको लागि ठुलो चुनौती हो ।

**रोकथामका लागि हामी किन कडाईका साथ जान सकेनौं ? प्रदेश सरकारले पनि त्यतातिर ध्यान नदिएको हो कि ?**

केन्द्र, प्रदेश सरकार, सुरक्षाकर्मीहरूले त्यसमा ध्यान दिएको अवस्था छ । लकडाउनको समयमा जिल्लाभित्र नेपाल प्रहरीले ठुलो मेहनत गरेको छ । बोर्डर क्षेत्रमा प्रहरीको संख्या पर्याप्त मात्रामा छैन । पक्कै पनि बोर्डर नाकाको सुरक्षाको जिम्मेवारी लिएको अर्को सुरक्षा निकाय त्यहाँ छ । मान्छेको भेषभूषा र संस्कृति पनि उस्तै देखिने भएकोले हामीले भनेजस्तै ठ्याक्कै नियन्त्रण गर्न सक्ने अवस्था छैन ।



गंगा पन्त
पर्सा प्रहरी प्रमुख

**त्यसो भए भारतबाट कामदारहरु आइरहेको कारणले संक्रमण बढ्यो पर्सामा ?**

विशेषगरी पर्सा र बाराको सीमानामा औद्योगिक क्षेत्र छ । संक्रमण फैल्याउन त एउटा उद्योगको ५ जना व्यक्ति आयो भने त्यो पर्याप्त हुन्छ, संक्रमण फैल्याउन । बोर्डर नाकामा भएका नागरिकहरूलाई सुरक्षाकर्मीको सहयोग ज्यादै कम हुन्छ । कतिपय स्थानीयवासीहरु खुल्ला सीमाको फाइदा लिएर तस्करीमा संलग्न हुने व्यक्तिहरु जहाँ सुरक्षा फौजबाट उहाँहरूको पेशालाई असर गर्छ । हेर्दा उस्तै देखिने घर जोडिएको ठाउँहरूमा त्यो हामीले नियन्त्रण गर्ने अवस्था नै कम छ ।

**आम जनताले सावधानी अपनाएका छन् ?**

पर्सामा त निषेधाज्ञा जारी गरेको अवस्था छ । अहिले मान्छेको मुभमेन्ट पनि बढी भयो । अहिले ठुलो संख्यामा सवारीसाधनहरु बढेको अवस्था पनि छ । लकडाउन भनेको सरकारको लागि गरिदिएको जस्तो गरेर भन्ने व्यक्तिहरु पनि ठुलो संख्यामा देखियो । सावधानी नअपनाइएकै कारणले जतातते यो स्थिति आएको हो । यसलाई आमनागरिकले सावधानी नगरेको कारणले नै यो अवस्था आएको हो ।

**त्यसो भए मास्क लगाउनेहरु पनि छन्, नलगाउनेहरु पनि छन् ?**

मास्क त पकेटमा राखे पनि प्रहरीलाई देखाउनका लागि लगाउने गरेका छन् । सुरक्षाकर्मीलाई देखाउनका लागि मास्क लगाउने जमात यो पर्सामा मात्र होइन चारैतिर छ ।

# गाउँपालिकामा यसरी हुन्छ नक्कली काम

डोटी । स्थानीय तहका पालिकाहरुमा भए गरेका अनियमिताका विषयमा विभिन्न समाचार सार्वजनिक भइरहेका बेला डोटीको एक गाउँपालिकामा यस्तै एक अनियमितताको उदाहरण भेटिएको छ। त्यस पालिकामा हुँदै नभएको खर्चका लागि नक्कली बैठक र फर्जी बिल बनाएर भुक्तानीसमेत भइसकेको एक अनियमित कार्य भेटिएपछि त्यस विषयमा छानबिन शुरु भएको छ। फर्जी बिलका आधारमा भएको भुक्तानीको सबै रकम गाउँपालिकामा फिर्ता गराइएको छ भने त्यसमा संलग्नको खोजी गरी आवश्यक कारवाहीका लागि अनुसन्धान शुरु गरिएको छ।

फर्जी बिलका आधारमा रु १० लाख रकम भुक्तानी गरिएको भन्दै व्यापक विरोध भएपछि जिल्लाको पूर्वीचौकी गाउँपालिकाले उक्त रकम फिर्ता लिइएको हो। 'दलितहरुको स्तर अभिवृद्धि कार्यक्रम' मा फर्जी योजना तथा बिल बनाएर भुक्तानी गरेको रु १० लाख रकम फिर्ता लिइएको हो। गाउँपालिकामा उपभोक्ता समिति गठनदेखि क्वारेन्टिनमा बसेका दलितलाई सामग्री वितरण गरिएका शीर्षकका फर्जी कागजात तयार गरेर रु १० लाख रकम भुक्तानी दिएको भन्दै जिल्लामा विरोध भएपछि उक्त रकम फिर्ता गराइएको हो। गाउँपालिकाका अध्यक्ष दीर्घराज बोगटीको हस्ताक्षरमा जारी गरिएको विज्ञप्तिमा सो पालिकाको 'दलित क्षमता विकास उपभोक्ता समिति' का अध्यक्ष साजेन्द्र कोलीले उक्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरेको जानकारी गराइएको छ।

उपभोक्ता समितिले सामग्री वितरण गरिएका भर्पाईसमेत फर्जी बिल बनाइ भुक्तानी लिएको पाइएपछि उक्त रकम फिर्ता गराइएको गाउँपालिकाका अध्यक्ष बोगटीले जानकारी दिनुभयो। भर्पाईहरुमा क्वारेन्टिनमा बसेका २५० जना दलितलाई प्रतिव्यक्ति एक/एक वटा त्रिपाल, डसनालगायतका सामग्रीसहित खाजा खर्च बापत रु ५०० का दरले रकम वितरण गरेको उल्लेख गरिएको थियो। फर्जी बिलका आधारमा जिल्लाको पूर्वीचौकी गाउँपालिकाले रु १० लाख रकम भुक्तानी दिएको पाइएपछि चर्को विरोध भएको थियो।

गाउँपालिकाले गत आर्थिक वर्षमा 'दलितको स्तर अभिवृद्धि कार्यक्रम' का लागि विनियोजन गरेको रु १० लाख रकम नक्कली समिति तथा बिल बनाएर भुक्तानी गरिएको भन्दै स्वयं दलित अगुवाहरु आक्रोसित भए। पूर्वीचौकी गाउँपालिका-३ का साजेन्द्र कोलीको अध्यक्षतामा 'दलित क्षमता विकास उपभोक्ता समिति' गठन गरी नक्कली कागजात देखाइ गाउँपालिकाले रकम भुक्तानी दिएकाले अहिले विरोध गरिएको गाउँ कार्यपालिकाका सदस्य स्मृति चुनाराले बताउनुभयो।

उहाँले भन्नुभयो, "उपभोक्ता समिति र गाउँपालिकामा पेस गरिएका सबै खरिद बिलदेखि अन्य कागजात नक्कली भएको प्रमाणित भएको छ, गाउँपालिकाले भुक्तानी दिनु गलत भएकाले हामीले विरोध गरेका हौं।" उक्त गाउँपालिकामा उपभोक्ता समितिको प्रस्तावना जेठ १४ गते स्वीकृत भएर काम थालनी गरेको कागजात पेश भएको पाइएको छ। यति मात्र नभई सो उपभोक्ता समितिले पेश गरेका बिल भर्पाईहरु समेत 'किर्ते' देखिएको आरोप लागेको छ।

तिनै किर्ते कागजातको भरमा रकम पनि भुक्तानी गरिएको भन्दै स्थानीयवासी आक्रोसित बनेका हुन्। पूर्वीचौकी गाउँपालिका-५ की वडासदस्य माहा दमाईंको अध्यक्षतामा बैठक बसेको गाउँपालिकामा कागजात देखाइएको भए पनि आफ्नो अध्यक्षतामा उक्त बैठक नबसेको वडा सदस्य दमाईको जिकीर छ। वडा सदस्य दमाईंले आफूलाई गाउँपालिकामा पेश गरिएका कागजात र माइनुटलगायत त्यो बैठकबारे कुनै जानकारी नभएको बताउनुभयो।

उहाँले भन्नुभयो, "बैठक बसे मलाई थाहा हुनुपर्ने, मलाई कुनै थाहा नै छैन, कसले किन र कहिले त्यो कागजात बनायो म पनि अचम्ममा परेकी छु।" तर वडा सदस्य दमाईको अध्यक्षतामा बैठक बसी पूर्वीचौकी गाउँपालिका-३ का साजेन्द्र कोलीलाई 'दलितहरुको स्तर अभिवृद्धि कार्यक्रम' को अध्यक्ष बनाई सात सदस्यीय उपभोक्ता समितिसमेत गठन गरेको ती कागजातमा देखाइएको छ। उपभोक्ता समितिको अध्यक्ष बनाइएका कोली स्थानीय तह निर्वाचनमा तत्कालीन नेकपा माओवादी केन्द्रबाट वडाध्यक्षका उम्मेदवार हुनुहुन्थ्यो। उपभोक्ता समितिको कोषाध्यक्षमा साजेन्द्रकी श्रीमती हेमन्ताकुमारी विक र सचिवमा काकाको छोरा हर्क कोलीलाई राखिएको देखिएको छ। उता गाउँपालिकामा पेश गरिएको बिलमा उपभोक्ता समितिले जिल्लाको दिपायल पिपल्लामा रहेको न्यू चाँद ट्रेडर्स एण्ड सप्लायर्समा सामग्री खरिद गरेको देखाइएको भएपनि आफूहरुबाट सामान अर्डर गरेको तर हालसम्म पनि सामग्री नलगेको जनाएको छ। उक्त बिलमा २०० वटा त्रिपाल, १० रोल पी-फम, २०० वटा कम्मल, २०० वटा डसनाको बिल पेश गरिएको छ। जसको कुल रकम भ्याटबाहेक रु ६ लाख ५४ हजार ९९० भएको छ। जसमा रु ८५ हजार ८३ भ्याट थप भएर रु ७ लाख ३९ हजार ५७३ रकम उल्लेख गरिएको छ। यतिमात्र नभई सामग्री खरिद गर्न आएका बेला जिल्ला सदरमुकाम सिलगढी बसेको भनेर होटल बासमा होटल लर्डबुद्धको रु २० हजार ४० को बिल पेश गरिएको छ। जहाँ एसी-एट्याच कोठामा चार दिन बस्दा दिनको रु तीन हजारका दरले रु १२ हजार उल्लेख गरिएको पाइएको छ। यस्तै चिकेन खानाको प्रतिखाना रु ५०० उल्लेख गरिएको छ। उता होटल लर्ड बुद्ध नामको बिल पेश गरिएको भए पनि हाल जिल्ला सदरमुकाम सिलगढीमा उक्त होटेल सञ्चालनमा न नभएको स्थानीयबासीहरु बताउँछन्। पहिले सञ्चालन भएको घरमा हाल ओम गेष्ट हाउस सञ्चालनमा रहेको सिलगढीका स्थानीय सन्तोष केसीले जानकारी दिनुभयो। ओम गेष्ट हाउसमा एसी रुमको व्यवस्था नभएको जानकारहरु बताउछन्। त्यस्तै गाडी आतेजाते भनेर चारपटकको प्रतिपटक (प्रतिदिन) रु २० हजारका दरले रु ८० हजारको भर्पाइ पेश गरिएको पाइएको छ। जिल्लामा बोलेरो जीप दैनिक इन्धन हालेर रु चार हजारमै सेवा दिइरहेको शैलेश्वरी यातयात व्यवसायी समितिका प्रमुख प्रेमबहादुर रावलले बताउनुभयो। उता कार्यक्रम कार्यान्वयनका लागि गएको असार २३ 'अतिथि अनुगमन' गराएका कागजात पेश गरिएका छन्। जसमा उल्लेख गरिएका व्यक्ति नै आफ्ना दस्तखत नक्कली रहेको

बाँकी ८ पृष्ठमा

# मेरो डेरा बसाइका संस्मरणहरु



**हेमन्त बुढाथोकी**
**अधिवक्ता**

मेरो अध्ययनको क्रम मा डेरा बस्दा का बखत का स्मृतीहरुको आधारमा लेखन कार्य सुरु भएको र भविश्यमा प्रकाशन गर्ने लक्ष्य समेत राखिएको प्रारम्भिक चरणमा रहेको संस्मरणात्मक प्रकाशोन्मुख पुस्तकको असम्पादित र अप्रकाशित अंश)

खण्ड १

डेरा बसाइका प्रारम्भिक दिनहरु :

हुनत केही अपवाद बाहेक आफूले जन्म दिएका सन्तानहरु प्रती सबै आमा बाबु को अगाढ माया ममता रहने गर्दछ ।यो मानवीय समवेदनाको विषय पनि हो । हाम्रो आमा बुवा को हकमा पनि यही कुरा सत्य हुन आउछ की हाम्रो आमा बुवा आफ्नो सन्ततीलाई औधी माया गर्ने अभिभावक मध्य पर्नुहुन्छ । यो सच्चिकै हाम्रा लागी गौरव गर्नुपर्ने विषय पनि हो भन्ने लाग्छ । किनकी हाम्रो आमा बुवाआमा उहाहरुको सन्तती हामी प्रतिको माया ममता ,हामी प्रतिको विश्वास हामी सानो छदा बाल्यावस्थामा जस्तो थियो अहिले पनि उत्तिकै गाढा र प्रगाढ छ । यसलाई हाम्रो सौभाग्यको विषय पनि मानौ । आमा बुवाले आफ्नो जीवन कालमा विशेष गरी दिदी दाइ र मेरो पठनपाठनमै मुख्य जोड दिनु भयो । दिदीको पालामा निजी विद्यालय अरु नजिक थिएनन । त्यसर्थ उहालाई गाउकै तत्कालिन चौराह निमाविमा आमा बुवाले भर्ना गरिदिनु भएछ । दाइ को स्कूल पढ्ने समय हुने बेला तिर घर देखी २ घन्टा को पैदलको दूरीमा रहेको गल्कोट हटिया नजिक पूल पारी नयाँ जीवन अङ्रेजी आवसिय (New Life English Boarding School ) विद्यालयको स्थापना भएछ । दाइलाई ६ वर्षको उमेरमा त्यही बोर्डिग स्कूलमा भर्ना गरिदिनु भएछ । त्यतीखेर म भर्खर जन्मेको रहेछु । दाइ को उमेर सानै भएकाले अनि बर्षा याम मा खोला पैरोको प्रकोप समेत हुने हुनाले दाइलाई स्कूल पुर्याउदा बुवा आमाले बोकेर पुर्याउने र बोकेर घर ल्याउने गर्नुहुदो रहेछ । कहिले काही माइली ठूली आमा गौरा बुढाथोकीले ,कहिले कही इन्डियन पल्टनबाट छुटी आउनुहुँदा जेठो बुवा शेर बहादुर श्रीसले बोकेर दाइ लाई स्कूललाई जाने र घर ल्याउने गर्नुहुदो रहेछ । (त्यो बुवाआमाको विशेष काम पर्दाको बखतमा ) । दाइलाई केही समय बोकेर स्कूल लाने र घर ल्याउने क्रम भएपछी केही वर्ष स्कूल मै बोडर्स गरियो । पछी ७-८ कक्षा तिर(सिद्धार्थ वनस्थली स्कूलमा कक्षा ९ मा भर्ना गरिनु अगाडी) भने दाइ घरबाट नै हिडेर स्कूल जाने र आउने गर्नु भयो । त्यसरी चराणमा घर बाटी स्कूल लाने र घर ल्याउने ,अनी केही वर्ष बोडर्स राख्ने र फेरी घर देखीनै हिडेर स्कूल जाने आउने गर्ने क्रममा आमा बुवा र घर परिवारमा राम्रो सङ्ग रहन नपाउने ,समयमा खाना खाजा खान नपाइने , बर्षामा बाढी पहिरो अनि हिउदमा चत्याङ आदीको प्रकोप आदी कुराले गर्दा बोर्डिङ पढ्दा पाइने दुःख देखेर आमाले मलाई त्यस्तो दुःख नहोस भनेर गाउमै प ढो स भन्ने चाहना राख्नुभयो । म कक्षा ८ उत्तिर्ण गरे पछी मेडिकल इन्जिनीरिङ्ग लगायत प्राविधिक विषय अध्ययन गर्न अङ्रेजीको राम्रो आधार हुनुपर्छ भनेर बुवा र दाइको सल्लाह बमोजिम म कक्षा ९ मा दाइले कक्षा ८ सम्म अध्ययन गर्नु भएको नयाँ जीवन आवासिय विध्यालय हटियामा भर्ना गरिए । म पहिले साविक दुदिलाभाटी (२ निवासी लिल बहादुर खत्री राइलो काका कहाँ डेरामा बस्न थाले । त्यहाँ कक्षा १० मा पढ्नुहुने सिसा खानीका मान सिह (राजु )थापा र काडेवास पचुवा निवासी तिर्थ कडेल पनि डेरामा बस्नुहुन्थ्यो । उहाहरु आफै पकाउनुहुन्थ्यो । म लिलबहादुर काका कहाँ नै खाना खान्थे । म त्यहाँ डेरामा बस्दा शुक्रवार घर जान्थे र शनिवार या आइतवार फेरी डेरामा फर्किन्थे । लिल बहादुर काका कहाँ खाने पानी र बाथ रुम को राम्रो प्रबन्ध थियो । त्यती खेर म अखिल (छैठौ ) को गल्कोट एरिया समितिको उपाध्यक्षको जिम्मेवारीमा भएकाले एरिया समितिको वैठकमा सहभागी हुन्थे । वैठक प्राय गल्कोट हटियामा नै राखिन्थ्यो । कहिले काही हरिचौर र गल्याङ्ग र अरु ठाउमा पनि वैठक हुन्थ्यो । अखिल छैठौ गल्कोट एरिया समितिमामा त्यतिखेर नारायण शर्मा (सुखौरा ) लक्षमण कार्की (नरेठाटी ),हेमलाल गौतम (मल्म) ,खेम परियार (आशिष अबिरल) (मल्म),ऋृतु के सी (मल्म ),नन्द कली घर्ती (अर्गल) ,हर्क चालिसे (हिल ),लाल श्रीस (हरिचौर ),दीपक राना (हरिचौर),हेमलाल सापकोटा (मल्म),धनराज गौतम ( मल्म), विकास श्रीस(हरिचौं),हिमाल थापा (सुखौरा), अम्विका बस्नेत (हिल) , मिनु रोका ( तारा),जगेन्द्र थापा ( सुखौरा ) , जङ्ग कुवर (दुदिलाभाटी ),राम प्रसाद चालिसे ( काडेवास),अधिवक्ता घनश्याम न्यौपाने ( राजमोका केन्द्रीय सदस्य)(हटियाँ),, सचिन न्युरे (हरिचौर),भिम पुन ( दुदिलाभाटी ) डाक्टर गुमान सिह खत्री (नरेठाटी) लगायतका ब्यक्तीहरु थिए । म केही महिना डेरामा बसे पछी घर देखी नै स्कूल आउने जाने गर्न थाले ।

दोस्रो डेरा बसाइ

म नयाँ जीवन आवासिय मा. वि. हटियामा क क्षा ९ मा अध्ययनरत रहदा दोस्रो डेरा बसाइ हटिया निवासी मुकुन्ड सिह भन्डारी काका कहाँ गरे । त्यहाँ बस्ता मैले "विशाल होटेल " मा खाना खाने गर्थे । विहान प्राय चिया को ब्यवस्था मुकुन्द काकाले गरिदिनु भएको थियो । म मुकुन्द भन्डारी काकाको मा डेरामा बस्दा बुवा ,प्रेम बुढाथोकी दाइहरु कहिले काही भेट न आइरहनु हुन्थ्यो । बुवाले प्राय चिनमा अध्ययनरत दाइलाई फोनमा कुरा गर्न आउनुहुन्थ्यो । त्यतिखेर अहिले जस्तो फोन सर्वसुलभ थिएन । मोबाइलको प्रचलन सर्वसाधारणको पहुचमा थिएन । म विहान ६७ बजे ट्युसन जान्थे । ट्युसन सकेर ९:३० मा खाना खाइ फेरी स्कूल जान्थी । १०-४ कक्षा लिइ डेरा फर्किन्थे म नयाँ जीवन आवाशिय मा.वि.मा अध्यायन गर्दा विद्यालय प्रत्यक शुक्रवार स्कूलमा हुने अतिरिक्त कृयाकलापमा भाग लिइरहन्थे । विद्यालयमा आयोजना गरिएको "तरवार बलियो कि कलम बलियो ?" भन्ने बक्तृत्वकला कार्यक्रममा म "कलम भन्दा तरवार बलियो " भन्ने पक्षबाट सहभागी भएर चौथो स्थान प्राप्त गरी सान्त्वना पुरस्कार प्राप्त गरेको थिए । त्यस्तै शिक्षा दिवसको उपलक्ष्यमा आयोजित विद्यालय स्तरीय अन्तर सदनात्मक हाजिरी जवाफ प्रतियोगितामा पहिलो स्थान हासिल गरेको थिए । त्यसै ताका मल्म रिश्मी मा सम्पन्न अखिल(छैठौ ) को एरिया भेलाबाट म एरिया समिती सचिव चयन भएका थिए । २०५६ को आम निर्वाचन को पनि मलाई ताजा स्मरण छ । उक्त चुनावमा बाग्लुङ क्षेत्र नम्वर १ अन्तर्गतको भिम पोखरा(नेपाली काङ्रेसको तर्फबाट) र दुदिलाभाटीको मतदान केन्द्रमा( राष्ट्रिय जनमोर्चा र तत्कालिन नेकपा एमाले गठवन्धनको तर्फबाट) बुथ कब्जा भएको थियो । बागलुङ्ग क्षेत्र नम्वर १ बाट नेपाली काङ्रेसका टङ्क प्रसाद शर्मा कँडेल ४२ मत को अन्तरले विजयी भएका थिए । उनका निकतम प्रतिष्पर्धी एमालेका रामजी प्रसाद शर्मा थिए भने मा.ले. का विष्णु भण्डारीले ५५०० मत प्राप्त गरी तेस्रो भएका थिए ।

# रामेछाप डायरी

## रामेछाप राष्ट्रिय दलित पत्रकार संघको जिल्ला कार्यसमिति गठन

रामेछाप । रामेछापमा राष्ट्रिय दलित पत्रकार संघ जिल्ला कार्य समिति गठन सम्पन्न भएको छ । जिल्ला तदर्थ समितिको भेलाले नयाँ समिति गठन गरेको थियो । संघकी केन्द्रीय सदस्य कमला रसाइलीको उपस्थितिमा भएको



भेलाले लेखबहादुर विकको अध्यक्षतामा सात सदस्यि कार्य समिति गठन गरि एको थियो । जसको उपाध्यक्षमा नवराज विक, सचिवमा मिलन घिमिरे विक, कोषाध्यक्षमा विन्दा तोलाङ्गे चयन भएकी छन् ।

त्यसैगरी संघको सदस्यमा सिर्जना रसाइली, करुण बराइली र सनिला विक चयन भएका छन् । केन्द्रीय सदस्य रसाइलीले नयाँ समितिले पत्रकारीताको विकास र दलित अधिकारको लागि काम गर्ने विश्वास व्यक्त गरेका थिए ।

बिनु तोलाङगे हाम्रा यस जन आकाश राष्ट्रिय साप्ताहिकको रामेछाप प्रतिनिधि हुन् । उनलाई प्रकाशनको तर्‌फवाट कार्यकाल सफल कार्यकालको

हार्दिक शुभकामना तथा बधाई ।

## रामेछाप हिमगंगामा सर्पले टोक्दा एक महिलाको मृत्यु

रामेछाप जिल्लाको रामेछाप नगरपालिका वडा नम्बर ४ हिमगंगामा सर्पले टोक्दा एक महिलाको मृत्यु भएको छ । आज विहान करिब ३ : ३० बजेको समयमा हिमगंगा कुसबसेरीका अन्दाजी १९ वर्षिय रविना मगरलाई सुतिरहेको अवस्था गुर्वे नामक सर्पले टोकेको बताइको छ । बाँया हातको माझि औंलामा सर्पले टोकेर विरामी भएकी मगरलाई उपचारको लागी साँघुटारमा रहेको मेडिकलमा लगिएको र त्यहाँ उपचार सम्भव नभएपछि थप उपचारको लागी मन्थली तामाकोशी सहकारी अस्पतालमा ल्याउने क्रममा बाटोमै उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रामेछापले जानकारी दिएको छ ।

## रामेछापका थप दुई जनामा कोरोना संक्रमण पुष्टि

रामेछापका थप दुई जनामा कोरोना भाइरस कोभिड १९ संक्रमण पुष्टि भएको छ । रामेछापबाट स्वाब संकलन गरी पीसीआर परीक्षणका लागि पठाइएको ६४ जनामध्ये २ जनामा शुक्रबार कोरोना संक्रमण देखिएको स्वास्थ्य कार्यालय रामेछापले जानकारी दिएको छ । रामेछापको सुनापति गाउँपालिका वडा नम्बर ३ का ३३ वर्षिय महिला र मन्थली नगरपालिका ४ का ३४ वर्षिय पुरुषमा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय रामेछापका निमित्त प्रमुख जितेन्द्र कुमार कर्णले बताउनुभयो । रामेछापका २ जना कोरोना संक्रमित उपचारकै क्रममा रहेका छन भने २३ जना यसअघि नै निको भएर घर गैसकेका छन । हालसम्म रामेछाप जिल्लाबाटै पठाइएको २७ जनाको स्वाबमा कोरोना पोजेटिभ देखिएको छ ।

## रामेछापका प्रहरी हबल्दार थापाको मृत्यु

चितवनमा बसको ठक्करबाट रामेछाप जिल्लाको रामेछाप नगरपालिका वडा नम्बर ७ घर भएका अर्जुन कुमार थापाको मृत्यु भएको छ । पूर्वी चितवनको राप्तीनगरपालिका-५ भण्डारामा बा ३ ख १५४७ नम्बरको बसको ठक्करबाट प्रहरी हबल्दार समेत रहेका थापाको मृत्यु भएको हो । इलाका प्रहरी कार्यालय भण्डारामा कार्यरत थापा कार्यालय जाने क्रममा सवार प्रदेश ३-०३-००१ प् ६३२५ नम्बरको स्कुटरलाई बसले बिहीबार साँझ ठक्कर दिएको थियो । गम्भीर घाइते उनको पुरानो मेडिकल कलेज भरतपुरमा उपचारका क्रममा मृत्यु भएको हो । ठक्कर दिने बस र बसका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

## कांग्रेसको ज्येष्ठ राजनीतिज्ञ सभामा रामेछापका ३ जना मनोनित

नेपाली कांग्रेसले ज्येष्ठ राजनीतिज्ञ सभामा रामेछापका ३ जना नेतालाई मनोनित गरेको छ । पार्टी सभापति शेरबहादुर देउवाले बुधबार मनोनित गरेका ४ सय ७९ मध्ये १२ जना जेष्ठ राजनीतिज्ञ सभामा परेका हुन् । राजनीतिज्ञ सभामा जिल्लाका पुराना नेताहरू शिब बहादुर खड्का , मेघ बहादुर खत्री र डिक बहादुर तामाङ मनोनित भएका छन् । कांग्रेसको विधानको नियमावलीको नियम ५० मा ज्येष्ठ राजनीतिज्ञ सभा गठन सम्बन्धी व्यवस्था छ । सो प्रावधान अनुसार काँग्रेसमा रही लामो समयदेखि निरन्तर योगदान पुर्याउँदै आएका तर वर्तमान अवस्थामा पार्टीको कुनै पनि तहको पदीय जिम्मेवारीमा नरहेका ६५ वर्ष उमेर पुगेका पार्टीका ज्येष्ठ राजनीतिककर्मीको सहभागितामा केन्द्रीय सभापतिको अध्यक्षतामा केन्द्रमा ज्येष्ठ राजनीतिज्ञ सभा रहनेछ ।

## रामेछापमा मास्क नलगाई हिड्नेलाई जरिवाना

रामेछाप । अनिवार्य रुपमा मास्कको प्रयोग गर्न स्थानीय प्रशासनले गरेको आग्रह नमान्नेलाई रामेछापमा कारवाही सुरु गरिएको छ । लकडाउन खुलेपनि कोरोना संक्रमणको जोखिमता कायमै रहेको भन्दै जिल्ला प्रशासन, जिल्ला प्रहरी कार्यालय विभिन्न राजनीतिक दलका नेता एवं संघ संस्थाहरुले मास्कको प्रयोग अनिवार्य रुपमा गर्न जिल्लाभर कोरोना विरुद्ध सचेतना फैल्याउन मास्क वितरण अभियान समेत चलाएको थियो । अभियान मार्फतको सचेतना र जिल्ला प्रशासनले गरेको आग्रह समेतलाई बेवास्ता गरि मास्क नलगाई बजार क्षेत्रमा हड्डुल गर्नेहरुलाई प्रशासनको निर्देशन अनुसार एक सय रुपैयाँ दण्ड जरिवाना स्वरुप लिइएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रामेछापका प्रमुख रामेश्वर पाण्डेले बताउनुभयो । उहाँले विना मास्क बजारमा हिड्डुल गर्ने ६० जना भन्दा बढीलाई प्रतिव्यक्ति एकसय रुपैयाँका दरले जरिवाना गरिएको बताउनुभयो ।



# हार्दिक बधाई



**हाम्रो यस जनअकाश साप्ताहिकको रामेछाप जिल्ला प्रतिनिधि बिनु तोलाङगे हालैसालै गठित रामेछाप राष्ट्रिय दलित पत्रकार संघको कोषाध्यक्ष जस्तो गरिमामय पदमा सर्वसहमत चयन हुनुभएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछौ ।**

**अध्यक्ष मोहन कार्की**
**जनअकाश मिडिया प्रा.लि. परिवार**


**कविता : आत्मानुभूती !**

आफैं भित्र रमाउदै
चपाउन सक्छु म अभाव
निलिरहन्छु सन्तुष्टि
हासिरहन्छु दुःख
उग्राइरहन्छु तृष्णा
पन्जा लडाउछु
तिरस्कारसङ्ग
जित्न चाहान्छु
क्षणभंगुर खुशी
अनि आत्मसात गर्न खोज्छु
अनन्त आनन्द

डरले अलि अलि पछ्याइरहेछ
तृष्णा हुने हो कि मृगतृष्णा
आत्मबलको जग उठाउदै
उधार्न चाहान्छु
घृणाको पहिरन
अहंकारको आभुषण
अनि अवान्छित भौतिक तृप्ती
अनुभूत गरिरहेछु
ती सबै क्षणिक हुन्
निमेष बराबर

अनि पलपल सुझाइरहेछु
समुन्द्री गहिराइमा मोती टिप्न
अवरोध गर्न खोज्छन्
पेरिसकोपले बाहिरी संसार खोज्नेहरु
बुझाउन खोज्छु
गहिराइको गरिमा
तर बुझ्दैनन
सतहमा पौडनेहरु
म आत्मानन्द खोज भन्छु
उनीहरु आत्मरतिमा रमाइरहेछन्

फरक छ परिभाषा
फरक छ बुझाइ
तिमीहरु उद्दत छौ
अरुको दुस्ख भित्र आफ्नो सन्तुष्टि खोज्न
म सम्झाइ रहन्छु
आफ्नो दुःख भित्र अरुको सुख खोज्न



जगनाथ अधिकारी
पाँचखाल-७, काभ्रेपलान्चोक

जन आकाश
Jana Aakash National Weekly
www.janaakash.com.np



# पिकाण्ट निरन्तर सडक संघर्षमा पिकोण्टको बिरोध ऱ्याली सम्पन्न

६ वटा मजदुर संगठनको संयुक्त आयोजनामा माइतीघर मण्डलाबाट बिरोध ऱ्याली शुरू भई नयाँबानेश्वरमा पुगेर बृहत सभामा परिणत भई बिरोध सभालाई सम्पन्न गरेका छन् । कार्यक्रमलाई सम्वोधन गदै पिकोण्टका अध्यक्ष केदार गिरीले देशमा महंगी, भष्ट्रचार, बिकृति, बिसंगति चरम रूमा बृद्धि बिकाश भएको र यसको प्रत्यक्ष मारमा न्युन आयभएका नेपाली श्रमिकमा परेको हाल सत्तापक्ष र सत्ताबाहिर रहेका दुईवटा ट्रेड युनियनहरूले मजदुरहरूका रोग, भोक र सोखलाई बेवास्ता गर्दै अवसरवादी चरित्र प्रदर्शन गरेको यस्ता अवसरवादी र अर्थवादी ट्रेड युनियनहरूबाट सचेत रहन र सम्पूर्ण मजदुरहरूलाई एक ढिक्का भई यिनीहरूको दुसाहस बिरूद्ध लड्न सम्पूर्ण मजदुरहरूलाई आवह्रान गर्नु गरेका थिए ।

हाल सत्तापक्ष र प्रतिपक्षमा रहेका ट्रेड युनियनहरूलाई पृथ्वीमा




बैज्ञानिकहरूले पत्तालगाएको भूउपग्रह जसलाई द्याबिअप ज्यभि भनिन्छ जस्ले आफ्नो नजिक भएका सम्पूर्ण चिजलाई सिद्धाए जस्तै अहिले सत्ता र प्रतिपक्षमा रहेका ट्रेड युनियनहरूले पनि Black Hole ले आफ्नो नजिक भएका सबै चिजलाई सिद्धाए जस्तै यि दुईवटा ट्रेड युनियनहरूले त्यसै गरि रहेका र मजदुरको समस्यालाई बर्गिए समस्या नसंभि उद्योगपति, होटल कलकारखानाका मालिकहरूको सेवा हुने गरी बिभिन्नि सम्झौता गरेकोले यस्ता मजदुर बिरोधी गतिविधि गर्ने दुई वटा ट्रेड युनियन "जि फन्ट"र "ट्रेड युनियन काँग्रेस" जस्ता ट्रेड युनियनबाट सर्वत्र सचेत रहन आग्रह गरेका थिए ।

सक्तमा र सत्ता बाहिर रहेका दुईवटा ट्रेड युनियनलाई उनले Black Hole ग्रहको संज्ञा दिदै र आगामी दिनहरूमा यस्तो मजदुर बिरोधी हर्कत गर्ने ट्रेड युनियनहरू बिरूद्ध प्रगतिशिल नेपाल स्वतन्त्र ट्रेड युनियन महासंघ सशस्त्र रूपमा मजदुरका हकहितको सवाललाई लिएर विभिन्न संघर्ष गर्न कठिबद्ध रहेको कुरा बताएका थिए । त्यसै गरी सो सभालाई संयुत्त रूपमा अन्य पाँचवटा ट्रेड युनियनका अध्यक्षहरूले सम्बोधन गरेका थिए । ट्रेड युनियनहरू अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष ईश्वर तिमलसिना, समाजवादी ट्रेडयुनियन महासंघका अध्यक्ष लालध्वज मिङमाङ, क्रान्तिकारी ट्रेड युनियन महासंघ नेपालका महासचिव मेघ बहादुर, स्वतन्त्र ट्रेड युनियन महासंघका अध्यक्ष खगेन्द्र प्याकुरेल, नेपाल ट्रेड युनियन फ्रेड्रेसनका अध्यक्ष गंगाराम खड्गी लगायतले सो बृहत सभालाई सम्बोधन गरेका थिए ।


## आयुर्वेदिक उपचारको पहिलो रोजाइ विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

***हाम्रा सेवाहरु***

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा , डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकवाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

**लाइन्स चोक, नारायणगढ, चितवन**

सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००

फोन न. ०५६ : ५७०४६८

फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।


## भारतीय दादागिरी विरुद्धमा देशका सवै देशभक्तलाई उत्रने प्रगतिशील युवा संघ नेपालको घोषणा

काठमाडौ । प्रगतिशील युवा संघ नेपालले राष्ट्रियताको सवालमा खरो रुपमा उत्रने बताएको छ ।

संघका संयोजक दिनेश खातीले बुधबार एक विज्ञप्ति जारी गर्दै भारतीय विस्तारवादले नेपालको भुभि हडपेको र नेपालीहरुलाई गिज्याईरहेको अवस्थामा सवै देशभक्त राष्ट्रवादीहरुलाई एकढिक्का गराएर भारतका विरुद्ध राष्ट्रिय मुक्तियुद्ध लड्न सवै देशभक्त युवाहरुलाई आवाहन पनि गरिएको छ ।

प्रगतिशील युवा संघ नेपालको तत्कालै पुनःगठित अध्यक्षले पहिलो बैठकवाट नै उक्त निर्णय गरेका हुन ।


## कोभिड- १९ र बन्दाबन्दीका कारण बढ्दो आत्महत्या न्यूनिकरणका लागि निम्नानुसार गरौं ।

- आत्महत्याको जोखिमपूर्ण वर्गको पहिचान गरी मनोसामाजिक परामर्श प्रदान गरौं ।
- सकारात्मक विभेदको नीतिको आधारमा गरिबीको रेखामुनीको वर्गको रोजगारीमा पहुँच अभिवृद्धि गरौं ।
- स्वास्थ्य बीमालगायतका सामाजिक सुरक्षाको दायरा अभिवृद्धि गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## अन्तराष्ट्रिय समाचार

### जापानमा कोभिड-१९ संक्रमितको संख्यामा निरन्तर वृद्धि

जापानमा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या विगत २४ घण्टामा एक हजार ३३० ले वृद्धि भएको स्वास्थ्य मन्त्रालय तथा स्थानीय प्रशासनद्वारा उपलब्ध गराइएको तथ्याङ्कमा उल्लेख छ । जापानमा विगत पाँच दिनदेखि सङ्क्रमितको सङ्ख्या एक हजारभन्दा बढी रहँदै आएको छ । यद्यपि शुक्रबारभन्दा आइतबार सङ्क्रमितको सङ्ख्यामा कमी देखिएको सरकारी अधिकारीहरूले बताएका छन् । जापानले सुरूमा कोभिड सङ्क्रमितको सङ्ख्या नियन्त्रण गर्न सफल भएको देखिएको भएपनि दोस्रो श्रृङ्खलामा सङ्क्रमितको सङ्ख्या ह्वात्तै बढेको छ । जापानको सबैभन्दा बढी प्रभावित शहर राजधानी टोकियोमा अहिलेसम्म सङ्क्रमितको सङ्ख्या १३ हजार ४५५ पुगेको छ भने ओसाका, फुकुओका, कानागावालगायतका स्थानमा सङ्क्रमण बढिरहेको अधिकारीले जनाएका छन् । स्वास्थ्य मन्त्रालयका अनुसार जापानमा सङ्क्रमितमध्ये २६ हजार ५६५ जना निको भई घर फर्किएका छन् । त्यस्तै सङ्क्रमणको कारण गम्भीर स्वास्थ्य समस्या भएका विरामीको सङ्ख्या मात्रै ८३ रहेको बताइएको छ । जापान सङ्क्रमितको उपचारमा सफल देखिएको तथ्याङ्कले देखाउँछ तर पछिल्ला दिनहरूमा सङ्क्रमितहरूको सङ्ख्या बढ्न थालेपछि बढी सङ्क्रमण देखिएका स्थानमा नियन्त्रणका उपायहरू स्थानीय स्तरमा नै गरिएको तर देशभर लकडाउन वा अन्य कठिन प्रतिबन्धात्मक उपायहरूको अवलम्बन नगरिएको सरकारले बताएको छ । सरकारले अति आवश्यक बाहेक नागरिकहरूलाई अनावश्यक हिँडडुल नगर्न आग्रह गरेको छ ।

### ब्राजिलमा २४ घण्टामा एक हजारभन्दा बढी कोभिड-१९ संक्रमितको मृत्यु

ब्राजिलमा विगत २४ घण्टामा एक हजार ८८ कोभिड-१९ सङ्क्रमितको मृत्यु भएको सरकारी तथ्याङ्कमा उल्लेख छ । आइतबार ब्राजिलको स्वास्थ्य मन्त्रालयले जारी गरेको तथ्याङ्क अनुसार विगत २४ घण्टामा ब्राजिलमा ४५ हजार ३९२ व्यक्ति सङ्क्रमित भएका छन् भने सो अवधिमा एक हजार ८८ सङ्क्रमितको मृत्यु भएको छ । ब्राजिलमा अहिलेसम्म कूल ९३ हजार ५६३ कोभिड-१९ सङ्क्रमितको मृत्यु भएको छ भने सङ्क्रमितको सङ्ख्या २७ लाख सात हजार ८७७ पुगेको मन्त्रालयले पुष्टि गरेको छ । ब्राजिलको सबैभन्दा बढी जनघनत्व रहेको साओ पाओलो शहर सबैभन्दा बढी प्रभावित शहर हो जहाँ पाँच लाख ५२ हजार ३१८ व्यक्ति सङ्क्रमित रहेका छन् भने २३ हजार २३६ जनाको मृत्यु भइसकेको छ । त्यस्तै रियो दि जेनेरियोमा एक लाख ६७ हजारभन्दा बढी सङ्क्रमित रहेका टन् भने १३ हजार व्यक्तिको मृत्यु भएको छ ।

विश्वव्यापी महामारीका कारण विश्वकै सबैभन्दा बढी सङ्क्रमित रहेको मुलुक अमेरिका हो भने तेस्रो धेरै सङ्क्रमित रहेको मुलुक भारत हो । यसबाहेक रूस, दक्षिण अफ्रिका, मेक्सिको, पेरू, चिली, स्पेन, इरान, कोलम्बियामा सङ्क्रमितको सङ्ख्या उच्च रहेको छ । सङ्क्रमणका कारण मृत्यु बढी भएका मुलुकहरूमा मेक्सिको, बेलायत, इटली, फ्रान्स र भारत रहेका छन् ।

### भाजपा नेता तथा संघीय सरकारका गृह मन्त्री शाह कोभिड-१९ संक्रमित

भारतीय संघीय सरकारका गृह मन्त्री अमित शाहलाई कोभिड-१९ सङ्क्रमण भएको छ । भारतीय जनता पार्टीका वरिष्ठ नेतासमेत रहेका मन्त्री शाहले आइतबार ट्वीटरमार्फत आफूलाई कोभिड-१९ सङ्क्रमण पुष्टि भएको बताउनुभएको छ । मन्त्री शाहले आफूलाई कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको बताउँदै आफ्नो सम्पर्कमा आएका सबैलाई कोभिड-१९ सङ्क्रमण परीक्षण गर्न आग्रहसमेत गर्नुभएको छ । शाहले ट्वीट गर्दै भन्नुभएको छ, "केही लक्षणहरूको आधारमा गरिएको परीक्षणले मलाई कोरोनाभाइरस सङ्क्रमण भएको देखिएको छ । सङ्क्रमणका बावजुद पनि मलाई अन्य शारीरिक समस्या देखिएको छैन । तर स्वास्थ्यकर्मीको सल्लाहमा म आफूलाई अस्पतालमा भर्ना गर्दैछु ।"

उहाँले भन्नुभयो, "विगतका केही दिनहरुमा मेरो सम्पर्कमा आएका व्यक्तिहरु पनि तुरुन्तै एक्लै बस्न र परीक्षण गर्नुहुन आग्रह गर्दछु ।" शनिबार मात्रै उत्तर प्रदेशमा मन्त्री कमला रानीको लखनउमा कोभिड-१९ सङ्क्रमणका कारण मृत्यु भएको थियो । उहाँको सङ्क्रमण पुष्टि भएपछि लखनउस्थित एक अस्पतालमा भर्ना गरी उपचार गर्दै गर्दा मृत्यु भएको थियो ।

भारतमा पछिल्ला दिनहरूमा कोरोना भाइरस सङ्क्रमण दर निकै बढेको सरकारी तथ्याङ्कले देखाएको छ । भारतमा आइतबारसम्ममा १७ लाख ६१ हजार १६६ जना सङ्क्रमित भएका छन् भने अहिलेसम्म ३७ हजार भन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ । भारतमा सङ्क्रमण दर जुलाईमा अत्यधिक वृद्धि भएका देखिएको छ ।

### कोरोना अपडेटः विश्वभरी मृत्यु भएकाहरुको संख्या ६ लाख ८९ हजार

विश्वभरी महामारीको रुपमा फैलिएको कोरोनाभाइरसका कारण आइतबार दिउँसोसम्म कुल मृतकको संख्या छ लाख ८९ हजारभन्दा बढी पुगेको छ । अधिकारीहरुले आइतबार दिएको जानकारी अनुसार कोरानाका कारण कुल मृतकको संख्या छ लाख ८९ हजार ७० पुगेको हो । त्यसैगरी कुल सङ्क्रमितको संख्या पनि एक करोड ८० लाख ३३ हजार २७९ पुगेको पछिल्लो तथ्यांकमा उल्लेख गरिएको छ । सबैभन्दा धेरै सङ्क्रमित र मानवीय क्षति अमेरिकामा भएको छ भने दोस्रो धेरै प्रभावित ब्राजिलमा देखिएको छ । पछिल्लो विवरण अनुसार अमेरिकामा कुल सङ्क्रमितको संख्या ४७ लाख ६४ हजार ५२२ पुगेको छ । त्यसैगरी यहाँ कुल मृतकको संख्या एक लाख ५७ हजार ९०१ पुगेको पनि अधिकारीहरुले जनाएका छन् । दोस्रो धेरै प्रभावित भएको ब्राजिलमा २७ लाख आठ हजार ८७६ जना सङ्क्रमित भएका छन् भने ९३ हजार ६१६ जनाको मृत्यु भएको छ ।

### भारतीय उत्तर प्रदेशमा मन्त्रीको मृत्यु

भारतमा प्रदेश मन्त्री कमल रानी वरुणको कोरोनाभाइरसको संक्रमणबाट निधन भएको छ । उत्तर प्रदेशकी मन्त्री रानीको निधन भएको प्रदेश सरकारका प्रवक्ताले पुष्टि गरेका छन् । उहाँसँगै भारतमा पछिल्लो २४ घण्टामा कोरोनाका कारण ८५३ जनाको मृत्यु भएको छ । कुल मृतकको संख्या भने ३७ हजार ३६४ पुगेको अधिकारीहरुले जनाएका छन् । भारतमा पछिल्लो २४ घण्टामा ५४ हजार ७३६ जना सङ्क्रमित भएका छन् । योसँगै कुल सङ्क्रमितको संख्या साढे १७ लाखभन्दा बढी पुगेको छ ।

# लघुसमीक्षाः अवतार ढकालको कथा अवतार



वासुदेव गुरागाईं

यतिखेर उमेरले चार दशकको सिँढी पार गरिसकेका, ( तर युवा, अवतार ढकालद्वारा लिखित 'नियतिको खेल' नामक लघुकथा सङ्ग्रह (२०७६) मेरा हातमा छ । सङ्ख्यामा सन्ताउन्न कथा रहेको यो लघुकथा सङ्ग्रह निकै चोटिलापोटिला लघुकथाहरूको समष्टि हो । समाजमा सम्मानित शिक्षण पेशा अँगालेका ढकाल अङ्ग्रेजी साहित्यका स्नातकोत्तर हुन् । अध्ययन, अध्यापन र साहित्य लेखनमा रुचि राख्ने ढकालको आख्यानतर्फ यो पहिलो कृति हो । सत्य श्रेष्ठसँगको संयुक्त गजल सङ्ग्रह 'सङ्गम' २०६३ यसअघि नै प्रकाशनमा ल्याइसकेका ढकालको लेखनयात्रा निरन्तर अघि बढिरहेको कुरामा शङ्का गर्नुपर्दैन । आजका दिनसम्म यस पङ्क्तिकारसँग दोहोरो चिनजानमा नसमेटिएका ढकालको यस कृतिमाथि समीक्षा गर्ने औकात नहुँदानहुँदै पनि रहरमा केही शब्द ओकल्ने धृष्टताप्रति कसैको पनि औँलो ठडचाइ नहोला भन्ने विश्वासमा कलम अघि बढाउँदै छु ।


लघुकथा के हो ? लघुकथा कस्तो हुनुपर्छ ? कसरी लेखिनु पर्छ ? जस्ता चर्चा यहाँ गरिरहनु आवश्यक छैन । आङ्गिक हिसाबले कथाको पूर्णता भएको तर आयामगत हिसाबमा छोटा हुने यस्ता कथाका विषयमा धेरै विद्वान्हरूले धेरै ठाउँमा धेरै उल्लेख गरिसकेका छन् । यसर्थ यस विषयमा यहाँ चर्चा गरिरहनु आवश्यक देखिएन, र गरिएको पनि छैन ।

२०७६ भदौ ३ गते सार्वजनिक गरिएको 'नियतिको खेल' नामक यस लघुकथा सङ्ग्रहभित्रका लघुकथाहरू शब्द सङ्ख्याका हिसाबले करिबकरिब एउटै आकार प्रकारमा संरचित छन् । पछिल्लो समय लघुकथामा रहनु पर्ने शब्दसङ्ख्याको सीमाभित्र सबै कथा बुनिएका छन् । सङ्गृहित लघुकथा न कुनै उतिविधि लामा छन्, न उतिविधि छोटा नै । पढ्न सजिला छन्, भाषा सरल छ । अधिकांश कथा शीर्षकले कथा कस्तो होला भन्ने कौतूहल सिर्जना गरेको छ । यस्तो शीर्षकको कथामा कस्तो कथा होला भनेर पाठकमा जिज्ञासा उत्पन्न गराउन सक्नु कथाको सबल पक्ष हो । यस सङ्ग्रहका लघुकथामा एक शब्दका शीर्षक बोकेका अठ्ठाईस्, दुई शब्दका सत्ताईस र तीन शब्दका शीर्षक बोकेका दुई कथा छन् । तीन शब्दका कथा दुई शब्दमै संरचित हुने अवस्था हुँदाहुँदै पनि कथाकारले किन त्यसलाई तीन शब्द बनाए त्यो भने विचारणीय छ ।

'नियतिको खेल' शीर्षक राखेर सन्ताउन्न कथाको एकीकृत सङ्ग्रहका रूपमा पाठकसामु आएको यस कृतिभित्र एक्स्पोर्ट क्वालिटी, आमाभित्रकी आमा, पाहुनाको भिड, आस्था, नियति, ताली पिटुवा, नियतिको खेल, ब्रेकअप, बलात्कारी, पुनर्मिलन, बालब्रह्मचारी, सेमाजसेवा, सेल्फीको कमाल, परिवर्तन, कमरेडको कुकुर, समाचार, पानीजहाजको यात्रा, मित्रता, चुपचाप भगवान्, खाली हातहरू, चड्कन, उफ् ! पत्रकारिता, सन्तान, अठोट, वैवाहिक उत्सब, आन्दोलन, बाँच्ने तरिका, आरक्षणको उपहार, रातकी रानी, मापसे, दुश्मन, आधुनिक युवती, थेसिस जस्ता चोटिला कथाहरू छन् । यी कथाहरू एकभन्दा अर्को उत्कृष्ट छन् । कथा पढ्दै जाँदा पाठकमा एकपछि अर्को कौतूहलको सिर्जना गर्दै लगेर अन्त्यमा कथासार पस्किन खप्पिस देखिन्छन् यी अवतार ढकाल ।

कथाको विषयवस्तु छनोटमा पनि कृतिकार ढकाल चलाख हुनुहुन्छ । उहाँ पाठकको रुचि हुने सामाजिक विषयवस्तुको चयनमा खप्पिस देखिनुहुन्छ । सामाजिकताभित्रको चाहे त्यो राजनीतिक विषयवस्तु होस् वा युवायुवतीबीचको प्रेम प्रसङ्गका कुरा । चाहे त्यो धार्मिक आस्थाका कुरा होस् वा पारिवारिक कलहका । चाहे त्यो वैदेसिक रोजगारीका कारण अलगिएका प्रेमीप्रेमिकाको प्रसङ्ग होस् वा शिक्षक विद्यार्थीबीच अपारदर्शी रूपमा गुम्सिएको प्रेम प्रसङ्गका कुरा । चाहे त्यो बालब्रह्मचारीको भेषमा हुने कर्तुत होस् वा समाजसेवाको नाममा गरिने लुटका कुरा । चाहे त्यो परपरिश्रमलाई आफ्नो देखाउन कस्सिने सेल्फीयुगका कुरा होस् वा आरक्षणका नाममा भइरहेको समाज अपाच्य कुरा । चाहे त्यो नगरबधुका छद्मभेषी आचरणका कुरा होस् वा त्यस्तैमा लहसिने पुरुषका कुरा ।

को चोखो छ यहाँ ? के पत्रकार के गृहिणी, के शिक्षक के विद्यार्थी, के नारी के पुरुष, के कमरेड के अरू ? सबैका सबै उस्तै छन् । कथाभित्र परपुरुषसँग लहसिएकी नारीको पनि कथा छ, पतिव्रताको पनि कथा छ । कथाभित्र परस्त्रीमा लीन पुरुषको कथा पनि छ, पत्नीव्रता पुरुषको कथा पनि छ । वृद्धावस्थाका बाबुआमालाई वृद्धाश्रम धकेल्न खोज्ने छोराबुहारीको कथा पनि छ, वृद्धाश्रम जान हुन्न भनेर कर गर्ने छोराबुहारीको कथा पनि यसमा छ । यी सबैका सबैको राम्रा नराम्रा दुवै पक्षलाई कथाभित्र आकर्षक शैलीमा पाठकसामु प्रस्तुत गर्न सफल छन् लघुकथाकार अवतार ढकाल । त्यसैले उनको लघुकथाकारिता समग्रमा चोटिलो छ, पोटिलो छ र बुझ्नेका लागि त्यत्तिकै व्यङ्ग्यात्मक र सन्देशमूलक पनि छ ।




एक्सपोर्ट क्वालिटी कथामा एउटा बगैँचाको बिम्ब उतारेर विदेशी समाज सापेक्ष शिक्षा दिई उतै एक्स्पोर्ट गर्न लायकका जनशक्ति तयार गर्ने संस्थाका रूपमा निजी विद्यालयलाई देखाइएको छ । निर्णय शीर्षकको कथामा विधवा आमालाई घुमाउरो हिसाबबाट वृद्धाश्रम जान उत्प्रेरित गर्ने छोराबुहारी र मर्ने बेलामा पतिले मेरो मृत्युपछि तँ कसरी बस्दिहोलिस् भनेर लोग्नेले भनेका कुरा सम्झेर भक्कानिदै तुलना गर्ने आमाको सजीव चित्र पस्किइएको छ ।

आफ्नो लोग्ने शीर्षकमा जँडचाहा लोग्ने, सौता ल्याएर हिँडेको प्रसङ्ग र पछि उसले छोडेपछि पुनः फर्केर घर आउँदा आफूले नखाएर पनि लोग्नेलाई खुवाउने आत्मीयता प्रदर्शन गरिएको कुरा कारुणिक रूपमा चित्रण गरिएको छ । आमाभित्रकी आमा शीर्षकमा अपाङ्ग छोरो र दुई छोरीलाई ओछ्यानमा छोडेर आत्महत्या गर्न हिँडेकी आमा अर्काको बच्चा रोएको सुनेपछि उसकै आत्माले उसलाई 'निष्ठुरी ! छोराछोरीको माया लाग्दैन तँलाई ?' भनेपछि फर्केर आएकी कथा मार्मिक रूपमा प्रस्तुत गरिएको छ । ताली पिटुवा शीर्षक कथाले वर्तमान राजनीतिक परिवेशलाई उदाङ्गो बनाएको छ, जहाँ पार्टी वा नेताका पछि लाग्नेहरू उनीहरू फुट्दा ताली बजाउँछन् जुट्दा पनि उत्तिकै ताली बजाउँछन् । कतिखेर ताली र कतिखेर गाली दिने हो भन्ने चेत तिनमा देखिन्न । अरू कथा जस्तै यो कथा पनि निकै सशक्त छ ।

पाहुनाको भिड कथामा नागरिकता लिन गएको नेपालीले नागरिकता लिन आएका पाहुनाको भिडका सामु झेल्नुपरेको समस्या, आस्था कथामा अनिश्वरवादी प्रवचन दिने प्रशिक्षकलाई एकाएक मन्दिरमा भेटेको प्रसङ्ग, बलात्कारीमा महिलाले अनिच्छापूर्वक आफ्नै पतिबाट बलात्कृत हुनु परेको अवस्था, मन कथामा केटीहरू चियाउँदै हिँड्ने बुढो आफ्नै छोरीकी साथीलाई बाटोमा चियाउने क्रममा मोटरसाइकल दुर्घटनामा परेको प्रसङ्ग, पुनर्मिलन कथामा महिला पुरुषबीचको वैमनश्यता केलाउँदै सेक्स टोयको प्रयोग र आखिर पुनः मिलनको अवस्थामा पुऱ्याइएको घटना साँच्चै वास्तविक लाग्छन् ।

यसभित्रको एउटा चोटिलो र मार्मिक कथा नियति पनि हो । यस कथामा एउटी महिला काम खोज्दै एउटा असहाय बालबालिका आश्रममा काम गर्न पुग्छे । त्यहाँभित्र एउटा बच्चा देखेपछि कहाँ कहाँ चिने जस्तो लाग्छ उसलाई । सोधखोज गर्दै जाँदा घटनाले त्यो बच्चा आफ्नै भएको ऊ निष्कर्षमा पुग्छे । काखे बच्चालाई छोडेर फेसबुके लभरसँग दुईतीन वर्षअघि भागेको घटनाले उसलाई विचलित बनाउँछ । पछिल्लो समय यस्ता घटना समाजमा बाक्लै घट्ने गरेका हुन् ।

यस्तै बालब्रह्मचारी कथामा उज्यालोमा ब्रह्मचारी र अँध्यारोमा बलात्कारी हुने पुरुषको चरित्र उभ्याइएको छ । सन्तान कथामा छोराछोरी एकै हुन् भन्ने कुरालाई तिनबाट भए गरेका काम समेतलाई प्रस्तुत गरी कथालाई सकारात्मक रूपमा टुङ्ग्याइएको छ । थेसिस कथामा बौद्धिक व्यक्तित्वबाट हुने शोषण र आचरणगत रूपमा चुक्दा ती आफैँ शरण पर्न आएको अवस्थालाई बडो सुन्दर हिसाबमा चित्रण गरिएको छ । मापसे, आरक्षणको उपहार, कमरेडको कुकुर, उफ् ! पत्रकारिता, परिवर्तन, समाचार, आधुनिक युवती, शक्तिको अवसान, दुश्मन, वैवाहिक उत्सव, अचम्मको बिहे जस्ता कथा पछिल्लो समय मानव समाजमा विकसित हुँदै गएको विकृतिका विषयलाई राम्रोसँग प्रतिनिधित्व गर्ने कथा हुन् । यसमा सङ्गृहित 'मित्रता' लघुकथा 'मनसा चिन्तित कर्म वचसा न प्रकाशयेत्' ( कसैले पनि मनले चिताएको काम पूरा नभईकन वचनद्वारा अरू कसैका सामु प्रकाशमा नल्याओस्) भन्ने चाणक्य नीतिश्लोकको राम्रो उपमा हुने कथा बनेको छ ।

शीर्षक कथा यहाँ उल्लेख नगर्दा कृतिलाई अन्याय हुन्छ । कथाकारलाई चोट पर्छ । पाठकको मन धमिलिन्छ । तसर्थ यसका विषयमा अवश्य पनि यहाँ बोल्नुपर्छ भन्ने लाग्छ मलाई । कथा 'नियतिको खेल' यस कथाको निकै उत्कृष्टमध्येको एउटा कथा हो । लोग्नेको मृत्युपछि सन्तानहीन अवस्थामा रहेकी एक महिला घर, समाज र अन्यत्र सबैतिरबाट भएको व्यवहारले दिक्क भएर अँधेरी रातमा प्राण त्यागका लागि निस्कन्छे । लामो हिँडाइपछि झाडीमा 'च्याहाँ, च्याहाँ' गरेर रोएको बालकको आवाज सुनेपछि मर्ने निर्णयमा पुगेकी ऊ नडराईकन त्यतै लाग्छे । ब्ल्याङ्केटमा गुटमुटचाएर फालिएको बच्चा देखेपछि उसमा दयाभाव जाग्छ र हातमा लिन्छे । छातीमा टाँस्छे । छातीको न्यानो अनुभव गरेपछि शिशु एकाएक चुप लाग्छ । ऊ नियतिको खेल पनि कस्तो कस्तो भनेर मनमनै कुरा गर्छे । बच्चालाई बचाउनु पर्ने दायित्वले उसमा बाँच्ने रहर पलाउँछ । ऊ मर्न पाउँदिन । मर्न सक्दिन । बच्चाको मृत्यु रोजेकी एक गुमनाम आमाका अगाडि बच्चाको जीवनका लागि आफ्नो जीवन रोज्ने आमा बन्न पुग्छे ऊ । शीर्षक कथा यसरी नै टुङ्गिन्छ । यसरी हेर्दा यो कथा नियतिको खेल नभएर नियतिको न्याय बनेको छ । यस लघुकथा शीर्षकको अर्को विशेषता के हो भने नियतिको खेल भनेपछि सामान्यतः यस्तो विषय नकारात्मकतामा टुङ्गिनु पर्थ्यो तर लघुकथाकारले यसलाई सकारात्मकतामा लगेर टुङ्ग्याउँदा कथालाई हुनसम्म न्याय भएको देखिन्छ । र, भन्न सकिन्छ ( गर्नु पनि यस्तै पर्थ्यो र गरियो पनि यस्तै । यसैले यो कथा नियतिको खेल नभएर नियतिको न्याय बन्न सफल भएको छ ।

यहाँ उल्लेख गरिए बाहेकका कथा पनि औधी चोटिला छन् । माथि उल्लेख गरिएजस्तै एकपछि अर्को कथा उत्तिकै उत्कृष्ट छन् । समाजसापेक्ष कुराहरूलाई कथानक बनाएर पस्किइएका यी कथा नेपाली पाठकका लागि नौला विषयवस्तुका छैनन् । आफ्नै परिवेश, आफ्नै समाज, आफ्नै भूगोल र आआफ्नै किसिमका कथा यहाँ छन् । तसर्थ, कथावस्तुका हिसाबले पनि कथा सफल छ ।

पात्रगत हिसाबले विश्लेषण गर्दा पनि कथामा प्रयुक्त पात्रहरू हाम्रै समाजका चिनेजानेका पात्र छन् । जातीय हिसाबले उच्च वर्गका पात्र छन् । सन्तान शीर्षकमा आइपुगेका पेम्बा र डोल्पा बाहेकका पात्रले ब्राह्मणक्षत्री समाज, उच्च वर्ग र खानदानकै पात्रको चरित्र चित्रण गरेका छन् । पेम्बा र डोल्पाको एक मात्र सन्तानलाई पनि उनीहरूको समाज विपरीतको नाम 'कृपा' दिइएको छ । समग्रमा भन्नु पर्दा पात्र चयनका हिसाबले पनि लघुकथा सङ्ग्रह उत्कृष्ट छ ।

पाठकहरूका मन कसैले अनुमान गर्न सक्तैन । कुनै पाठकलाई कुनै कथाको कथावस्तु मन पर्छ भने कुनैलाई अरू कुनैको । एउटै कथानक, एउटै विषयवस्तु, एउटै सन्देश, एउटै परिवेश सबैलाई मन पर्छ, पर्नुपर्छ भन्ने छैन । यसमा अवश्य नै विविधता हुन्छ । तसर्थ पाठकमा जति किसिमको विविधता हुन्छ, कथाका विषयवस्तुमा पनि त्यत्तिकै विविधता रहेकाले यस लघुकथा सङ्ग्रहलाई सफल कृतिका रूपमा लिन सकिन्छ । गौरी पब्लिक रिलेसन एन पब्लिकेशनले प्रकाशनमा ल्याएको यस लघुकथा सङ्ग्रहको समग्र अध्ययन विश्लेषणका आधारमा के भन्न सकिन्छ भने लघुकथाकार अवतार ढकाल 'नियतिको खेल' मा मात्र नभएर नेपाली साहित्यका अरू कृतिमा पनि आफूलाई विविध अवतारमा उभ्याएर हाम्रा सामु निरन्तर उदाइरहने छन् ।


## जलदेवी सामुदायिक वनको आकर्षण




*जिप लाइन*

**आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र जिप लाइन तपाईहरुको सेवामा समर्पित छ। घुमौं मजा लिऔं, पर्यटन वर्ष २०२० लाई साकार गरौं ।**

*आकर्षणहरु*

**१. एउटा तारमा झुण्डिएर स्पिडमा एउटा रुखबाट अर्को रुखमा पुग्ने,**
**२.भर्खरका युवा युवतीले प्रयोग गर्न सक्ने र चुडीने भन्ने प्रश्न नै नआउने**
**३. पार्कमा पिकनिकको व्यवस्था भएको,**
**४. अन्य साहसिक खेलका साथै मनोरञ्जन दिने विभिन्न इभेन्ट ।**


### भुल सधार

गतअंकमा सष्टालाई नियाल्दा शिर्षकको साहित्य कोलममा मुरली प्रसाद ढकालको फोटो हुनुपर्नेमा प्रविधिक तुर्टीका कारण अन्यथा हुन गएकोमा क्षमाप्रर्थी छौ ।

## अर्थ......

अभाव र आशंका जस्ता समस्याले मानवीयता संकटमा पर्ने खतरा देखिन्छ । यस्तो समस्या आउन नदिन सवै नेपालीहरु मिलेर यो संकटको घढीमा सवैले पहिलो प्रथामिकता मानवीयता बचाउ अभियाँन थाल्नुपर्छ । अर्को अभावको वेला कसरी बाच्न सकिन्छ भएको आर्थिक, खाद्य बस्तुहरु कसरी फारु गर्न सकिन्छ अनाआवाश्यक बस्तु प्रयोग नगर्ने जस्ता बानी गरेर धेरै पैशा भएकाहरुले मनाउने जन्मदिन बिलासितामा खर्च गर्ने पैशा बिपन्न, जो अप्ठ्यारोमा परेका छन् तिनलाई सहयोग गरेर मानवीयता बचाउने अभियाँनमा सहयोग गर्न सक्ने उत्तम उपाय छ ।

यस्ता उपायहरु सरकारले प्रचार प्रसार गरेर कोरोना भगाउ मानवीयता बचाउँ अभियाँन नै सञ्चालन गर्न जरुरी छ । ताकी सरकारले मात्र कोरोनावाट बचाउनुपर्छ भन्ने मानसिकता राखेर होईन । आ(आफ्नो क्षेत्रवाट ज(जसले यो महामारीमा सहयोग गरी मानवीयता बचाउन सक्छन् । दुख:को बेला सवै मिलेर स(सना समुहगत खेतिपातिको बिकाश पनि यो समयमा गर्न सकिन्छ । यस्ता खालका उदारणहरु हामीले दिन सक्यौ भने भोलिको दिनमा हाम्रा आउदा भावी सन्तानले समेत हाम्रो पुस्ताले गरेको उदारण हेरेर जस्तो सुकै परिस्थितिमा पनि नेपालीहरु सामना गर्न सक्छन् भन्ने उदारण दिनुपर्छ ।

यो नेपाल देशको लागि यतिवेला कसैले कसैको कुरा काट्ने, खोइरो खन्ने वेला होईन । नेपालका सवै नेपाली मिलेर नेपालको मानवीयता कसरी जोगाउने भन्ने बिषय प्रमुख हो । जो जसले जाहा बसेर जे सहयोग गर्न सक्नुहुन्छ त्यो सहयोग गरेर सवै नेपाली सुरक्षित रहनुपर्छ सवैको छाक टर्नुपर्छ । तवमात्र नेपाली हुनुको गर्व गर्छन । त्यो हाम्रा पर्खहरुले सिकाएको अनुभव इतिहाँस हामीमा छ । त्यो राम्रो संस्कार हामीले सिक्नुपर्छ । ताकी आउदा पुस्ताले पनि अनुसरण गरुण । यो महामारी बाट बच्न बचाउन सवैको साथमा सातमा हातमा हात रहनुपर्छ ।

## काठमाडौं......

प्रदेश २ को मुख्यमन्त्री कार्यालयका ६ जना कर्मचारीमा कोरोना संक्रमण पुष्टि भएको छ । सोमबार मुख्यमन्त्री कार्यालयका ६ जना कर्मचारीमा कोरोना संक्रमण देखिएको धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईले जानकारी दिए । उनका अनुसार नीहरू २२ देखि ५२ वर्ष उमेर समूहका छन् । मुख्यमन्त्री कार्यालयमा खटिएका १ जना ट्राफिक प्रहरीमा पनि कोरोना संक्रमण पुष्टि भएको उनले बताए । प्रादेशिक अस्पताल जनकपुरधामका दुई जना चिकित्सक सहित १६ जना कर्मचारीमा पनि कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य निर्देशनालयका सहनिर्देशक विजय झाले जानकारी दिए । झाका अनुसार संक्रमितमध्ये २ जना नर्स हुन् भने अन्य कर्मचारी छन् । उनीहरू २३ देखि ७२ वर्ष उमेर समूहका छन् ।

त्यस्तै, प्रादेशिक प्रयोगशालाका २ जना कर्मचारीमा पनि कोरोना संक्रमण पुष्टि भएको छ । जनकपुरधामस्थित ग्लोबल आईएमई बैंकका तीन जना कर्मचारी पनि कोरोना संक्रमण देखिएको प्रजिअ भट्टराईले बताए । उनीहरूको थप विवरण पत्ता लगाउने काम भइरहेको उनले बताए ।

त्यस्तै काठमाडौं उपत्यकामा कोरोना भाइरस (कोभिड(१९) संक्रमणको जोखिम बढेसँगै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निजी तथा सार्वजनिक सवारी साधनहरूमा जोर बिजोर लागु गर्न प्रस्ताव गरेको छ ।

मन्त्रालयको प्रस्ताव कोभिड–१९ संकट व्यवस्थापन सेन्टर (सीसीएमसी)को निर्देशक समितिमा विचाराधीन छ । 'पछिल्लो बैठकमा छलफल पनि भएको हो' एक उच्च अधिकारीले भने, 'तर यसबारे निर्णय भएको छैन । सीसीएमसीले निर्णय गरेर मन्त्रिपरिषद्रूमा प्रस्तावका रूपमा गएपछि मात्र यसले औपचारिकता पाउँछ ।' सरकारले २६ असारबाट निजी सवारी साधानको जोरविजोर हटाएको थियो भने उपत्यकामा तीन जिल्ला र बाहिर जिल्लामा सार्वजनिक सवारी चलाउन दिएको थियो । साथै भदौ १ बाट लामो दुरीको सवारी पनि चलाउने तयारी छ । तर लकडाउन खुला भएसँगै कोरोना संक्रमण बढेको छ भने उपत्यकामा पनि जोखिम थपिएको छ ।

अब काठमाडौंमा के गरिनुपर्छ ?

संक्रामक रोग विशेषज्ञ वीरगञ्जमा संक्रमण र मृत्युको रफतार बढ्नुको कारण अध्ययन नगरी अनुमानका भरमा भन्न नसकिने बताउँछन् । यस्ता केसहरूको स्वास्थ्य मन्त्रालयले छुट्टै अध्यन गर्नुपर्ने उनको तर्क छ । 'कतिपय मृत्युको केस कुराहरू टेक्निकल हुन सक्छन्, कतिपय कुराहरू अस्पतालको क्षमतामा भर पर्ला' डा. सुवेदी भन्छन्, 'अक्सिजन तत्काल चाहिने बिरामीलाई ढिलो गर्दा पनि मृत्य हुन सक्छ र टेस्ट र कन्ट्याक ट्रेसिङ नगर्दा एक व्यक्तिबाटै संक्रमण समुदायमा फैलिन सक्छ ।' लापरवाही नसुधारे वीरगञ्जभन्दा भयावह अवस्था काठमाडौंमा आउन सक्ने डाक्टर सुवेदी बताउँछन् । उनका अनुसार सीमा नाकाबाट छिरिसकेका मानिस र अब छिर्दै गरेका मानिसलाई व्यवस्थित क्वारेण्टिन नगरे महामारी नियन्त्रण गर्न कसैले सक्दैन । 'अहिलेसम्म उपत्यकामा देखिएका आधाभन्दा बढी संक्रमितलाई कन्ट्याक ट्रेसिङ गरिएको छैन्, आधाभन्दा बढी संक्रमितको सम्पर्क स्रोत थाहा छैन, र यहीबेला नाकाबाट छिर्ने मानिसहरू मनपरी हिँडिरहेका छन' डाक्टर सुवेदी भन्छन्, 'अस्पताल सिस्टमले भ्याउनेभन्दा बढी संक्रमित भए भने राज्यले थेग्न सक्दैन, त्यसैले अहिलेदेखि नै सावधानी अपनाउनु पर्छ ।' काठमाडौंमा महामारी फैलिनबाट रोक्न सरकारले अहिलेदेखि नै नयाँ रणनीति अपनाउनुपर्ने डाक्टर सुवेदी बताउँछन् । समयमै संक्रमण रोक्ने प्रयास गरिएन भने अवस्था नाजुक हुने बताउँदै उनी भन्छन्, 'अवस्था भयावह भएपछि लकडाउन गर्नुभन्दा त नाकाबाट छिरिसकेकालाई व्यवस्थित गर्न, अब नाकाबाट छिर्न नदिन र कन्ट्याक ट्रेसिङ गर्न दिन केही समय लकडाउन गर्नुपर्छ ।' स्वास्थ्य मन्त्रालयले काठमाडौं छिर्ने नाकाबाट आउने मानिसको व्यावस्थापन, भिडभाड कम गर्नको लागि यातायातमा जोर बिजोर प्रणाली र विभिन्न कार्यालयहरू बन्द गर्ने गरी आन्तरिक छलफल गरिरहेको स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. जागेश्वर गौतम बताउँछन् ।

उनका अनुसार अबको केही दिनमा काठमाडौंमा नयाँ रणनीति अनुरूप यातायात चल्ने तथा कार्यालयहरू खुल्ने हुन्छन् ।

# भित्रबाट हुनुपर्ने ढोका बाहिरबाट राख्दा दुर्घटना

काठमाडौं । मेलम्ची खानेपानी आयोजनाको सुरुङमा प्राविधिक त्रुटिका कारण दुर्घटना भएको पाइएको छ । खानेपानी मन्त्रालयका सहसचिव रमाकान्त दवाडीको संयोजकत्वमा भएको दुर्घटनासम्बन्धी अध्ययन गर्न गठित समितिले गेट भित्रबाट हुनुपर्नेमा बाहिरबाट राखिएकाले दुर्घटना भएको निष्कर्ष निकालेको छ । समितिले पछिल्लो समयमा प्राविधिक 'डिजाइन रिभ्यु' नभएको पनि जनाएको छ । समितिले सुरुङमा रहेका चारवटै गेटमा पुन:अवलोकन (रिभ्यू) गर्न पनि सुझाव दिएको छ । गेटमा नटबोल्ट राम्रो नकसिएको पाइएको छ । सिन्धुपाल्चोक, हेलम्बु गाउँपालिका-१ स्थित आयोजना निर्माणस्थलमा दुई साता पहिले सुरुङको गेट खुल्दा त्यहाँ एक सातासम्म जम्मा गरिएको पानी बाहिर निस्केको थियो । सो दुर्घनाका कारण कन्सलट्यान्ट दोर्जे पेम्बा र इञ्जिनीयर शेखर खनाल घाइते भएका थिए । दुर्घटनाका कारण इञ्जिनीयर सतीश गोहित र सवारीचालक राधाकृष्ण थापामगर बेपत्ता भएका थिए । तीमध्ये इञ्जिनीयर गोहित घटनाको भोलिपल्ट मृत फेला परेका थिए भने चालक थापामगर अझै बेपत्ता छन् । सुरुङ परीक्षणका लागि पानी भर्न झण्डै १५ दिन लाग्नेमा एक सातामा पानी बाहिर निस्केको हो । असार २१ मा पानी पथान्तरण गरिएकामा ३० असारमा दुर्घटना भएको थियो । सो दुर्घटनाको जिम्मेवारी परामर्शदाता कम्पनी र गेट निर्माण गर्ने कम्पनी दुवैको भएको मन्त्रालयका प्रवक्ता रितेशकुमार शाक्यले बताउनुभयो । उहाँका अनुसार इटास कम्पनी परामर्शदाताका रुपमा रहेको थियो भने भारतीय कम्पनी पिआइएलले गेट निर्माण गरेको हो । आयोजनामा यस पहिले काम गरेको इटालियन कम्पनी सिएमसीले नै गेट निर्माण गर्न सो कम्पनीलाई लगाएको थियो । नेपाल सरकारसँग सिएमसीको ठेक्का रद्द भए पनि सोही कम्पनीले गेट निर्माणको बाँकी काम सम्पन्न गरेको थियो । समितिले गेटको फ्रेम नयाँ राख्नुपर्ने सुझाव दिएको छ । उहाँले भन्नुभयो, "त्यो सुधार गरेपछि मात्रै सुरुङमा पानी पठाउन सकिन्छ ।" सुरुङमा रहेका त्रुटि हटाउनका लागि अझै झण्डै दुई महिना लाग्ने मन्त्रालयले जनाएको छ । यो अवधिमा निर्माण कम्पनीले 'हेडबक्स' काम गरिरहेको छ ।

चिनियाँ निर्माण कम्पनी सिनो हाइड्रोसँगको सम्झौतानुसार 'हेडबक्स' निर्माणको अवधि अझै तीन महिना छ । सरकारले यसअघि अस्थायी बाँधबाट पानी पथान्तरण शुरु गरेको थियो । त्रुटि सच्याउदासम्म 'हेडबक्स' को निर्माण सकिएमा त्यसैबाट पानी पथान्तरण हुनेछ । मेलम्चीको सुरुङमा दुर्घटना भएपछि पनि अरु निर्माणका काम रोकिएको छैन । उहाँले भन्नुभयो, "पानी वितरणका लागि आवश्यक संरचना निर्माण र आवश्यक व्यवस्थापकीय तयारीको काम अघि बढेको छ ।" आयोजना अन्तर्गत सुरुङ, हेडबक्स र दुई पानी प्रशोधन केन्द्र निर्माण भएको हो । दैनिक १७ करोड लिटर पानी प्रशोधन गर्ने गरी सुन्दरीजलमा दुई वटा ट्याङ्की निर्माण भइसकेको छ । यहाँको प्रशोधन केन्द्र दुवैको क्षमता साढे आठ करोड लिटर रहेको छ । तीमध्ये एउटाको निर्माण जापानी अन्तरराष्ट्रिय सहयोग नियोग(जाइका) र अर्को एशियन विकास बैंक(एडिबी) को आर्थिक सहयोगमा निर्माण भएको थियो । बन्दाबन्दीको अवधिमा पनि यस आयोजनामा निर्माणको काम भइरहेको थियो । सरकारले निर्माण सम्पन्न हुने क्रममा रहेका राष्ट्रिय गौरवका आयोजना तामाकोशी जलविद्युत् आयोजना र यो आयोजनामा निर्माणको काम सञ्चालन गर्ने निर्णय गरेको थियो । बन्दाबन्दीका कारण घर फर्किएका कतिपय कामदार आउन नसकेको र निर्माण सामग्री ल्याउन कठिनाइका कारण सामान्य अवस्था जसरी काम हुन सकेको थिएन । निर्माण कम्पनीले उपलब्ध जनशक्ति र सामग्रीबाट निर्माण गरिरहेको हो । स्थानीयवासी र स्थानीय तहले आयोजनाका कारण कोभिड-१९ को जोखिम भएको भन्दै बन्द गर्न भनिरहँदा पनि आयोजना सुचारु थियो । लामो समयसम्म पनि सम्पन्न नभएको राष्ट्रिय गौरवका आयोजनामा यो आयोजना पर्छ ।

# भारतमा ११ महिनामै १ लाख थान बिक्यो किया

काठमाडौं । कियाले भारतमा डेब्यु गरेको ११ महिनाभन्दा थोरै बढी अवधिमा एक लाखभनदा बढी एसयुभी बिक्री गरेको जनाएको छ । कियाले सन् २०१९ को अगस्टमा आफ्नो पहिलो मोडल रुपमा सेल्टोस भारतीय बजारमा सार्वजनिक गरेको थियो । त्यसयताको अवधिमा किया सबैभन्दा तीव्र गतिमा एक लाख थान एसयुभी बिक्री गर्ने अटोमेकर बन्न सफल भएको छ ।

कोरियाली अटो निर्माता कियाले आफ्ना जम्मा दुईवटा मोडल--कार्निभल प्रिमियम एमपिभी र सेल्टोस एसयुभी--बाट यो उपलब्धि हासिल गरेको हो । मोडलगत प्रगति हेर्दा यसै वर्षको सुरुतिरको अटो सोमा भारत प्रवेश गरेको कार्निभल तीन हजार ६१४ युनिट बिक्री भएको छ ।

सेल्टोस ९७ हजार ७४५ थान बिक्री भएर छोटो अवधिमै भारतमा सबैभन्दा बढी बिक्री हुने युटिलिटी भेहिकल बन्न सफल भएको छ ।




सेल्टोस बजारमा आएदेखि नै लोकप्रिय रहेको र त्यसयता पनि लोकप्रियता कायम गर्न सक्दा यसले लोकप्रिय एयसुभीको उपाधि हात पारेको हो ।

कियाले भारतीय बजारमा आफ्नो तेस्रो मोडेल अल न्यु सोनेट कम्प्याक्ट एययुभी सार्वजनिक गर्ने तयारी गरेको छ ।

अगस्ट ७ मा ग्लोबल लन्चको तयारी रहेको कियाको नयाँ मोडल सोनेट भारतीय बजारमा आगामी सेप्टेम्बरमा ल्याउने तयारीमा रहेको जानकारी प्रेस बिज्ञप्ति मार्फत दिएको छ ।

# निःशुल्क डायलासिस सेवा शुरु

हिमाली जिल्ला म्याग्दीको सदरमुकाम बेनीमा अवस्थित बेनी अस्पतालमा आइतबारदेखि नि:शुक डायलासिस सेवा शुरु भएको छ । यसबाट मिर्गौला पीडितले नियमित डायलासिस गर्न जिल्ला बाहिरका सरकारी र निजी अस्पतालमा महँगो रकम तिर्नुपर्ने बाध्यताको अन्त्य भएको छ । गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयले अस्पताललाई डायलासिसका लागि आवश्यक उपकरणसहित तालीम प्राप्त चिकित्सकको व्यवस्था गरेर सेवा शुरु गरेको हो । आइतबार दुई मिर्गौला पीडितले सेवा लिएका छन् । गण्डकी प्रदेशले उपलब्ध गराएको ४ वडा उपकरण र प्रवासी म्याग्देलीले दिएको दुईवटा मेशिन रहेको अस्पतालमा हेमोडायलासिस युनिटको सेवा शुभारम्भ भएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष बेलबहादुर कुटवालले जानकारी दिनुभयो । डायलासिस यूनिटमा दुई चिकित्सक र चार जना स्टाफ नर्स कार्यरत छन् । युनिटलाई प्रभावकारी बनाउन आवश्यक पूर्वाधार तथा व्यवस्थापनमा प्रदेश सरकारबाट प्राप्त बजेटबाहेक अस्पतालको आन्तरिक स्रोतलाई समेत परिचालन गरिएको छ । पहिलो चरणमा तीन वटा शैयया सञ्चालन गरिएको छ ।

एकदिनमा छ जना बिरामीले सेवा लिन सक्नेछन् । छ वटा उपकरणबाट दुई पटक १२ जना बिरामीलाई दैनिक सेवा दिन सकिने भए पनि तत्काल दुईवटा पुरानो मेशिन भएकाले सञ्चालनका लागि केही उपकरणको अभाव रहेको अस्पतालका प्रमुख डा अमृत अधिकारीले बताउनुभयो ।

जिल्लामै डायलासिस सेवा आउने भएपछि हालसम्म १५ जना सम्पर्कमा छन् । उहाँका अनुसार परीक्षण सेवाको रुपमा केही दिन सञ्चालन गरिने र औपचारिक उद्घाटन गरी सेवालाई थप प्रभावकारी बनाइने जनाइएको छ । अपाङ्गमैत्री भवन भएकाले उपचारमा सहज हुने बताइएको छ । अस्पतालमा उपचारका लागि आउने विपन्न बिरामीलाई डायलासिस सेवाले सहज हुने भएको छ । मिर्गौला पीडित बिरामी अधिकांशको न्यून आर्थिक अवस्थाका हुने भएकाले यातायात, खान बस्ने खर्चको अभावमा गाउँमै रोग पालेर बस्न बाध्य भएको अवस्थामा डायलासिस सेवाले सहज भएको मिर्गौला पीडित पार्वती विकले जानकारी दिनुभयो । उपचारका लागि बाहिर जान नसक्ने अवस्थाका धेरै बिरामी छन् । यो सेवाले बिरामीलाई वरदान सावित भएको छ । अब धेरै बाँच्ने आशा पलाएको छ । उहाँले भन्नुभयो । मिर्गौला पीडितले प्रत्यारोपणबाहेकको सेवा जिल्लामै पाउने भएपछि मिर्गौला प्रत्यारोपण गरेकाले समेत प्रचारप्रसार गर्ने बताएका छन् । गण्डकी प्रदेशसभा अन्तर्गत अर्थ तथा विकास समितिको टोलीले आइतबार बाढी र पहिरोले क्षति पुऱ्याएको बेनी-जोमसोम सडकको निरीक्षण गरेको छ । समितिका सभापति दीपक कोइरालाको नेतृत्वमा प्रदेशसभा सदस्य विनोद केसी, चन्द्रमोहन गौचन र मीनप्रसाद गुरुङ सहभागी टोलीले बेनीदेखि गलेश्वरसम्मको सडक निरीक्षणका साथै पहिरोले जिल्लामा पुऱ्याएको क्षति, राहत, व्यवस्थापन र पुन:स्थापनाका लागि भएका पहलको विषयमा सरोकारवालासँग जानकारी लिएको छ ।

बाढी र पहिरोले अवरुद्ध बेनी-जोमसोमलगायतका सडक खुलाउन, पहिरो पीडितको व्यवस्थापन र पुनर्वासका लागि सरकारलाई सुझाव दिन स्थलगत निरीक्षण तथा सरोकारवालासँग छलफल गरिएको सभापति कोइरालाले जानकारी दिनुभयो । गत असार २६ गतेयताको पहिरोका कारण म्याग्दीको उत्तरी क्षेत्र हुँदै मुस्ताङ जोड्ने सो सडकखण्डमा दर्जनौं ठाउँमा अवरुद्ध बनेको छ । पहिरो र बाढीका कारण म्याग्दीको धौलागिरि, मालिका, अन्नपूर्ण र रघुगङ्गा गाउँपालिकामा ३१ जनाको मृत्यु तथा चार जना बेपत्ता भएका छन् । जिल्लाभर ८८ वटा घरमा पूर्ण क्षति, ५२९ घर उच्च जोखिम र १४९ घर जोखिम भएर विस्थापित भएका छन् । जलेश्वरमा कालीगण्डकीले कटान गरेको सडक र गलेश्वरमा रघुगङ्गाले भत्काएको बेलीब्रिजको निरीक्षणपछि जिल्ला समन्वय समितिको सभाहलमा टोलीले स्थानीय तहका पदाधिकारी र सुरक्षा अधिकारीसँग क्षति, राहत, व्यवस्थापनका लागि भएका गतिविधि र आवश्यक सहयोगका बारेमा छलफल गरेको सभापति कोइरालाले बताउनुभयो । प्रमुख जिल्ला अधिकारी ज्ञाननाथ ढकालले पहिरो पीडितको तत्कालीन व्यवस्थापनका लागि सडक र घोरेटोबाटोको सम्पर्क स्थापित गराउन, क्षतिको विवरण र थप जोखिम पहिचानमा जुटेको जनाउनुभयो ।

## गाउँपालिका.....

दाबी गरिरहेका छन् । गाउँपालिकाका कम्प्युटर अपरेटर लक्ष्मणबहादुर खड्काले अनुगमन गरेको भनेर आफ्नो नाम उल्लेख गरिएको भए पनि त्यसमा आफू संलग्न नभएको बताउनुभयो । उहाँले भन्नुभयो, कार्यक्रम अनुगमनबारे मलाई कुनै जानकारी छैन, त्यसमा भएको दस्तखत पनि मेरो होइन, कागजात बनाउने र खेल्ने जानुन ।

त्यसैगरी उपस्थितिमा हाजिर देखाइएका सो गाउँपालिका-३ का वडाध्यक्ष अमरबहादुर चयडाले पनि आफू उक्त अनुगमनमा नगएको बताउनुभयो । उहाँले भन्नुभयो, म त्यो बेला अनुगमनमा गएको छैन, कसले किन मेरो नाममा दस्तखत गरे, म आफै आश्चर्यमा छु, मलाई कुनै थाहा नै छैन । सोही अनुगमनमा खाना र खाजा खर्च भनेर रु १३ हजार ३०० बढीको खर्च सहितको बिला देखाइएको छ । उता गाउँपालिकाका अध्यक्ष दीर्घबहादुर बोगटीले रकम गाउँपालिकाले फिर्ता लिए पनि नक्कली भनिएको उपभोक्ता समिति र बिलहरुका विषयमा छानबिन गरी दोषीलाई कानुनी कारवाही गरिने बताउनुभयो । उहाँले भन्नुभयो, रकम फिर्ता भएको छ, समिति र बिलका विषयमा गहन रुपमा छानबिन हुँदैछ, गलत प्रमाणित भए कानुन बमोजिम कारवाही हुनेछ । समाजमा पछि पारिएको दलित समुदायको बजेट फर्जी योजना बनाएर भुक्तानी भएपछि अहिले उक्त गाउँपालिकामा तीव्र विरोध भइरहेको छ । यसैक्रममा स्थानीय दलित अगुवाले विरोध प्रदर्शनसहित गाउँपालिका घेराउ पनि गरेका थिए । स्थानीयको विरोधपछि गाउँपालिकाले भुक्तानी भएको रकम गाउँपालिकामा फिर्ता माग्ने सहमति भएपछि रकम फिर्ता मागिएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत टेकबहादुर खड्काले बताउनुभयो ।

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस